# अध्याय एक

## १.१ अध्ययनको पृष्ठभूमी

मानव जातीको विकासक्रमको इतिहासलाई केलाउँदा परापूर्वकालदेखी नै मानिसहरुले आफूले जानेका ज्ञान, सीप, व्यवहार तथा सामाजिक मूल्य र मान्यतालाई आफ्ना सन्ततिहरुमा हस्तान्तरण गर्दै आएको पाईन्छ । यस्तो हस्तान्तरणमा घरमा बाबु आमाले छोराछोरीलाई, अभिभावकहरुले आ-आफ्ना सम्बन्धित मानिसहरुलाई र समाजका बुज्रुगहरुले आफूभन्दा नजान्नेहरुलाई सिकाउँदै आएको परम्परा पाईन्छ। यस प्रकार समाजका विद्यमान संस्कृति र मान्यतालाई एक पिंढिबाट अर्को पिंढिमा हस्तान्तरण हुँदै आएको पाइन्छ (शर्मा एण्ड शर्मा, २०६६) ।

मानव जीवनको व्यवहारिक पक्ष शिक्षा हो । शिक्षाद्वारा मानिसले आफ्नो समग्र विकास गरी जीवनमा पूर्णता प्राप्त गर्दछ र आफ्नो आचार-विचार र रहन सहनमा परिवर्तन गर्दछ । शिक्षाद्वारा नै संसारको आर्थिक, वैज्ञानिक, सामाजिक सांस्कृतिक तथा अध्यात्मिक उन्नती सम्भव हुन्छ । शिक्षाको जन्म मानव समाज संगसंगै भएको मानिन्छ, त्यसैले मानव समाज रहुन्जेल शिक्षा पनि क्रियाशिल रहिरहन्छ भन्दा अत्युक्ति नहोला । यो एउटा जीवनपर्यन्त र निरन्तर रुपमा चलिरहने प्रकृया हो । शिक्षाको प्रमुख उद्देश्य व्यक्तिलाई एक आदर्श, कर्मशिल सृजनशिल जनशिल र सर्वगुण सम्पन्न नागरिकको रुपमा तयार गरि सम्पूर्ण समाज र राष्ट्रको विकासका लागि सक्षम मानव संसाधनको विकास गर्नु हो । मानव जीवनलाई पशुत्वबाट मनुष्यत्वमा परिमार्जन गर्न शिक्षाको प्रत्यक्ष र परोक्ष भूमिकालाई नकार्न सकिदैन (खनाल र के.सी, २०६३) ।

शिक्षा बालबालिकाको नैसर्गिक अधिकारको विषय भएकोले प्रत्येक बालबालिकालाई गुणस्तरीय शिक्षा दिनुपर्दछ । शिक्षा प्रदान गर्न निश्चित पाठ्यक्रमको व्यवस्था गरिएको हुन्छ । शिक्षाको मेरुदण्डको रुपमा पाठ्यक्रमलाई लिईन्छ । पाठ्यक्रम शैक्षिक क्रियाकलापको त्यस्तो संगठीत ढाँचा हो जसमा विद्यालय भित्र र विद्यालय बाहिरका समेत क्रियाकलापहरु समावेश भएको हुन्छ । बालबालिकाहरुले शिक्षा प्राप्त गर्नु भनेको उनीहरुको शारीरिक, मानसिक, बौद्धिक, संवेगात्मक र सबै पक्षको विकास हुनु हो । बालबालिकालाई आफ्ना रुचि अनुसार विभिन्न ज्ञान र सीप प्रदान गराउने माध्यम पाठ्यक्रम हो । पाठ्यक्रम एउटा यस्तो

कार्यक्रम हो जसमा विद्यार्थीले विद्यालय भित्र तथा बाहिर गर्ने सम्पूर्ण सिकाई अनुभवहरु समावेश भएका हुन्छन् । जुन विद्यार्थीको बौद्धिक, शारीरिक, संवेगात्मक, सामाजिक, आध्यात्मिक र नैतिक विकास गर्नु आवश्यक हुन्छ, (शर्मा एण्ड शर्मा, २०६२) ।

### नेपालमा प्राचिन कालदेखि बर्तमानसम्म शिक्षाको विकास

नेपालको सन्दर्भमा पाठ्यक्रम विकासलाई दृष्टिगत गर्दा शिक्षा विकासको इतिहास त्यति लामो नभएतापनि युग र काल अनुसार विकास हुदै आएको पाईन्छ । नेपालको जीवन प्रणाली पशुपालन, सीमित खेती, शिकार र वस्तुविनिमयता आधारित थियो । यस कालमा लिपिको विकास भईनसकेकोले शिक्षा पारिवारिक सीप, ज्ञान र व्यवहारको अनुकरणमा सीमित थियो ।

मध्य कालिन युगमा धार्मिक परम्परा वा धर्मग्रन्थमा आधारित संस्कृत भाषामा मात्र शिक्षा दिने चलन नभई अंग्रेजी शिक्षाको थालनी र नेपालमा विद्यालय व्यवस्थाको औपचारिक शुरुवात एवं शिक्षामा राज्यको प्रत्यक्ष संलग्नता राणाकालमानै भएको पाईन्छ । यो अवस्थामा प्राचिनकालीन शिक्षाका साथसाथै अग्रेंजी शिक्षा तथा भारतीय गान्धीवादी आधार शिक्षाको समेत थालनी भएको पाइन्छ ।

वि.स २००७ सालमा प्रजातन्त्रको स्थापना पछि २०४६ साल सम्मको समायावधिमा विभिन्न शैक्षिक आयोग र योजनाको स्थापना भएको तथा योजना अनुसार शैक्षिक विकासको अभ्यास भएको देखिन्छ । वि.स. २०४६ सालमा बहुदलिय व्यवस्थाको पूर्नस्थापनापछि "राष्ट्रिय शिक्षा आयोग २०४९" र "उच्च स्तरिय शिक्षा आयोग २०५४" गरी दुई वटा आयोगहरु गठन गरियो । यी दुवै आयोगहरुले नेपालको शिक्षा प्रणालीलाई प्रजातान्त्रिकरण तिर उन्मुख गराउन सकेका छैनन् । वाग्ले र कार्की (२०५७)

### स्थानीय पाठ्यक्रमको आवश्यकता

स्थानीय सरोकारवालाहरुको आवश्यकता, चाहाना र उनीहरुकै सहभागितामा स्थानीय विषयवस्तुलाई समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रमनै स्थानीय पाठ्यक्रम हो । स्थानीय ज्ञान, सिप र प्रविधिलाई समेटी तयार पारिएको पाठ्यक्रमलाई नै स्थानीय पाठ्यक्रमको रुपमा लिन सकिन्छ । स्थानीय पाठ्यक्रम जीवन परिस्थितिमा आधारित

पाठ्यक्रम (Curriculum Based On life Situation) सगं सम्बन्धित छ । किनकी यस पाठ्यक्रमको केन्द्रिय पक्ष सामाजिक आवश्यकता चाहाना, रुचि, क्रियाकलाप र दैनिक जीवनका आवश्यकता हुन । यो विद्यार्थी केन्द्रीत, विद्यार्थीलाई क्रियाशिल बनाउने, समस्या समाधान विधिमा केन्द्रीत पाठ्यक्रम हो । अतःस्थानीय पाठ्यक्रमले पनि स्थानीय आवश्यकता र चाहानालाई जोड दिने भएकाले यसलाई जीवन परिस्थितिमा आधारित पाठ्यक्रमसंग सान्दर्भिक गर्न सकिन्छ । -(विश्वमणि अधिकारी )

हाम्रो मुलुक सानो भएता पनि यहाँका वस्तुस्थिति विविधतापूर्ण छ । भौगोलिक, भाषिक, जातिय आदि कुराहरुमा विविधता छ । विभिन्न ठाउँमा विभिन्न स्रोतहरु छन् ।विभिन्न ठाउँका मानिसहरुका आवश्यकता र चाहाना फरक-फरक छन् । त्यसैले केन्द्रमा निर्माण गरेको पाठ्यक्रमका सबै अंश सबै क्षेत्रमा हुबहु लागू गर्न नसकिने हुन्छ । उदाहरणका रुपमा काठमाण्डौं उपत्यकाका विद्यार्थीहरुका लागि यहाँका धार्मिक सांस्कृतिक र पुरातात्विक महत्वका स्थलहरुका बारेमा जानकारी र सूचना प्रविधि सम्बन्धी शिक्षा आवश्यक हुन सक्छ भने जुम्लाका लागि तरकारी तथा फलफुल खेती र यसको व्यवस्थापन विषयमा आधारभुत कुराहरु आवश्यक हुनसक्छन् । यसै गरी भाषिक संरक्षणका लागि ताप्लेजुङ्गमा लिम्बु भाषा, धनुषामा मैथली, कपिलवस्तुमा अवधी, कैलालीमा थारु भाषाको शिक्षण हुन आवश्यक निम्न बुँदाले पुष्टि गर्दछ ।

१. सामाजिक विभिन्नता अनुरुपको पाठ्यपुस्तकलाई बढुवा गर्न
२. व्यक्ति/समुह/समाजका स्थानीय आवश्यकता बुझी तिनलाई पुरा गर्न सहयोग पुऱ्याउन ।
३. स्थानीय तहमा रहेका महत्वपूर्ण चाडपर्व, स्थान विशेष कला, कौशल, व्यवसाय, घरेलु उद्योग, प्राकृतिक स्रोतको सम्मान दिई संवर्द्धन, प्रवर्द्धन र परिचालन गर्न ।
४. पाठ्यक्रमलाई बढी उपयोगी र सान्दर्भिक बनाउन
५. स्थानीय तहका व्यक्ति र संस्थाको सक्षमता अभिवृद्धि गर्न (स्थानीय पाठ्यक्रम निर्माण निर्देशिका २०६४)

नेपालको वर्तमान अवस्थामा चलिरहेको विद्यालय शिक्षा व्यवहारिक भएन, यसले स्थानीय आवश्कताका कुराहरु समेट्न सकेन, युवावर्गमा आफ्नो मौलिक कला, संस्कृति र पेशा प्रतिको चासो हटेर गयो, पाठ्यक्रम केन्द्रमुखी भयो भन्ने जस्ता गुनासालाई सम्बोधन गर्न

स्थानीय पाठ्यक्रमको अवधारणा अगाडि ल्याईएको हो । विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुपले स्थानीय पाठ्यक्रमको अवधारणलाई समेटेको छ । परिमार्जित प्राथमिक पाठ्यक्रम, २०६२ (कक्षा १-३), २०६५ (कक्षा ४ र ५) ले स्थानीय पाठ्यक्रमले व्यवस्था गरेको छ । प्राथमिक तहका लागी तोकिएका विभिन्न विषयहरुमध्ये एउटा विषय स्थानीय विषय हुने र त्यसको छनौट र पाठ्यक्रम निर्माण स्थानीय तहबाटै हुने र उल्लेखित अन्य तिन विषयमा तोकिएको पाठ्यभारमा २० प्रतिशत स्थानीय विषय बस्तु थप गरेर पठनपाठन गर्न सकिने देखिन्छ । पाठ्यक्रम विकास केन्द्रले निर्धारण गरेको प्राथमिक शिक्षाको विषयगत् संरचनालाईआधार मानी केही जिल्लाहरुले स्थानीय पाठ्यक्रमनिर्माण गरि कार्यान्वयनमा ल्याएका छन् ।केन्द्रमा प्राप्त केही जिल्लाका नमुना पाठ्यक्रम तल प्रस्तुत गरिएका छन् ।

| क.सं | जिल्ला | विषय | तह |
|---|---|---|---|
| १. | लमजुङ्ग | कृषि तथा जडीबुटी ज्ञानमाला | आधारभुत तह (कक्षा १-३) |
| २. | पर्वत | फलफुल खेती | आधारभूत तह (कक्षा१-३) |
| ३. | धनकुटा | तरकारी खेती (स्थानीय विषय), स्थानीय खेल (शारीरिक शिक्षा) वन(सामाजिक अध्ययन), चित्रकला र हस्तकला (सिर्जनात्मक कला) | आधारभूत तह कक्षा (१-३ ) |
| ४. | कपिलवस्तु | तरकारी खेती (स्थानीय विषय), धार्मिक तथा ऐतिहासिक स्थल ( सामाजिक अध्ययन), पराबाट बन्ने सामाग्री (सिर्जैनात्मक कला), स्थानीय खेल (शारीरिक शिक्षा) | आधारभुत तह (कक्षा१-३) |
| ५. | धादिङ | तरकारी खेती, फलफुल खेती | आधारभुत तह (कक्षा१-३) |
| ६. | खोटाङ | हलेसी महादेव | आधारभुत तह (कक्षा १-३) |
| ७. | सिन्धुली | हायु भाषा पाठ्यक्रम | आधारभुत तह (कक्षा१-३) |
| ८. | रसुवा | आलु खेती | आधारभुत तह (कक्षा १-३ ) |

आधारभुत तह कक्षा ६-८ मा पनि एक विषय स्थानीय विषयका रुपमा स्थानीय तहमा विकास गरी पठनपाठन गराउने प्रावधान रहेको छ । (स्थानीय पाठ्यक्रम स्रोत सामाग्री २०६७)

राष्ट्रिय पाठ्यक्रमले यथा सम्भव प्रयास गर्दागर्दै पनि सबै वर्ग, समुदाय, धर्म, संस्कृति, पेसा, व्यवसायलाई समेट्न नसकेको हुँदा स्थानीय सरोकारवालको सहभागिता र सक्रियतामा पाठ्यक्रम निर्माण हुन सकेमा स्थानीय आवश्यकतालाई परिपूर्ति गर्न सघाउ पुग्छ । यति मात्र नभएर स्थानीय परिवेश अनुकुलको पठनपाठनले सिकारुलाई अभिप्रेरित गराउनुका साथै सिकेका कुराहरुलाई सामान्यीकरण गर्न पनि सहृाउ पुऱ्याउँछ । हाम्रो देशको परिवेशअनुसार स्थानीय पाठ्यक्रम अति आवश्यक देखिएको छ । यसैलाई दृष्टिगत गरी राष्ट्रिय पाठ्यक्रम प्रारुपले पनि स्थानीय पाठ्यक्रमको व्यवस्थालाई प्राथमिक तहमा मात्र सीमित नगरी माध्यमिक तहसम्म लैजानुपर्ने व्यवस्था गरेको छ । यसका साथै स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम निर्माणलाई प्राथमिकता दिने कुरा उल्लेख गरिएको छ । स्थानीय पाठ्यक्रम भनेको राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेका विषयवस्तुहरु समावेश गरी स्थानीय तहमा पठनपाठन गर्न तयार गरिएको मार्ग चित्र हो । स्थानीय पाठ्यक्रम स्थानीय आवश्यकतालाई सपुरा गर्न सक्ने गरी विकास गरिनुपर्छ । स्थानीय आवश्यकता आधारित शिक्षाको पाठ्यक्रम निर्माणमा सहयोग पुऱ्याउने विभिन्न कार्यहरु भइराखेका छन् । ती कार्यहरु यसप्रकार छन् ।

१) विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन हुनु ।

२) गाउँ शिक्षा योजना बनाउने कार्यको थालनी ।

३) स्रोतकेन्द्र र स्रोतव्यक्ति व्यवस्था ।

४) विद्यालय व्यवस्थापनको जिम्मेवारी हस्तान्तरण हुनु

५) व्यवस्थापन समिति गठनमा अभिभावकको महत्वपूर्ण भूमिका हुनु

६) शिक्षक अभिभावकका संघको व्यवस्था हुनु ।

७) कार्य सम्पदामा आधारित व्यवस्थापन पद्दतीको सुरुवात

८) विभिन्न नीतिगत दस्तावेजमा १०-१५ प्रतिशत भार स्थानीय आवश्यकतामा आधारित हुनपर्नेमा जोड

९) गा.वि.स. ⁄न.पा. र जिविसको शिक्षा सम्बन्धी काम, कर्तव्य र अधिकारको व्यवस्था गरिनु ⁄स्थानीय निर्माण र कार्यान्वयन सम्बन्धी सचेतना सामाग्री २०६५)

## १.२ समस्याको कथन :

शिक्षा जनताको इच्छा, चाहाना र आवश्यकतामा आधारित हुनुपर्दछ भन्ने कुरा कुनै नौलो होइन । शिक्षा यस्तो हुनुपर्दछ । जनताहरुको स्थानीय आवश्यकतालाई समेट्न सकोस् । शिक्षा सम्बन्धी विभिन्न आयोगका प्रतिवेदनहरुमा स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रमको विकासमा जोड दिएको छ । यसै अनुरुप शैक्षिक सुधार गर्न सुझाव दिईएको छ । तर पनि हालको राष्ट्रिय शिक्षा प्रणालीले स्थानीय आवश्यकतालाई सम्बोधन गर्ने खालका सुधारको प्रयत्न गरेको देखिन्छ । यसमा न स्थानीय विषयवस्तुनै समेटिएका छन् स्थानीय आवश्यकता पूर्ति गार्नका लागि केहि लचकता त अपनाईएको छ तर त्यो प्राथमिक तहमा मात्र सिमित छ अर्को शब्दमा भन्नुपर्दा हालको पाठ्यक्रममा स्थानस्ष वा क्षेत्रिय बिषयवस्तुहरु समाबिष्ट गर्नको लागि केहि लचकता अपनाईएको पाईन्छ । पाठ्यक्रम विकास र परिमार्जन प्रक्रियामा समाजका विभिन्न तह र तप्काान ब्यक्तिहरु जस्तै महिला, दलित, जनजाति, अल्पसंख्य, मानव, अधिकारकादी, बालअधिकारबादी, अपाङ्ग आदिको ब्यापक सहभागिता हुनु नितान्त आवश्यक हुन्छ । (CDC, 2005;15, cited in Niure 2009)

कुनै पनि मुलुकमा बसोवास गर्ने मानिसहरु आर्थिक सामाजिक धार्मिक, भषिक एवं सांस्कृतिक रुपले समान छन् भने उनीहरुको चाहना र आवश्यकता पनि समान हुन्छ । यस्तो अवस्थामा एउटै पाठ्यक्रम नै मुलुकभर उपयुक्त हुन जान्छ तर नेपाल जस्तै विविधता युक्त देशमा व्यक्तिका आवश्यकता र चाहान फरक-फरक हुन्छन् । हाम्रो देश सानो भए पनि यहाँ वस्तुस्थिति विविधतायुक्त छ । यहाँ १०० भन्दा बढी भाषा बोलिन्छन् । विविध धर्म मान्ने मानिसहरु बसोवास गर्छन । हिमाल, पहाड र तराईका रहनसहन भेषभुषा, पेशा, व्यवसाय पनि अलग अलग हुन सक्छन् । त्यसैले स्थानीय पाठ्यक्रमको आवश्यकता परेको हो । स्थानीय पाठ्यक्रमले स्थानीय स्तरमा लुकेर बसेका प्रतिभाहरु, ऐतिहासिक तथा धार्मिक महत्वका स्थानीय सम्पदाहरु, स्थानीय तहका कला र संस्कृति स्थानीय तहका स्रोत र सामाग्रीहरु स्थानीय पेशा, व्यवसाय र व्यापार आदिलाई विशेष जोड दिन्छ । यसरी आफै

संग परिचित स्थानीय विषयवस्तुको आधारमा अध्ययन गरिने हुँदा विद्यार्थीहरु सिक्न बढी प्रेरित हुन्छन् । स्थानीय पाठ्यक्रमको व्यवहारिक कार्यान्वयन स्थानीय स्तरमा उपलब्ध दक्ष जनशक्तिहरुको उपलब्धतामा निर्भर गर्दछ ।

विभिन्न कारणहरु प्राय: जसो  विद्यालयहरुले स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयन गर्न सकेका छैनन्  प्राथमिक पाठ्यक्रमको विकास र कार्यान्वयन गर्न सकेका छैनन् । प्राथमिक तहका शिक्षकहरु न स्थानीय विषयवस्तुमा आधारित पाठ्यक्रम तयार पार्न तालिम प्राप्त हुन्छन् । नत उनीहरुको क्षमता बृद्धि गर्न आवश्यक साधनहरु उपलब्ध छन् , (खनाल र अधिकारी २०६६) ।

यो अनुसन्धान मुख्य गरी निम्न समस्याहरुको पहिचान र समाधानमा केन्द्रित रहने छ ।

- स्थानीय पाठ्यक्रम विकासको सैद्धान्तिक आधारहरु के के हुन् ?
- स्थानीय पाठ्यक्रम कार्यान्वयन प्रकृयामा के कस्ता समस्याहरु देखिएका छन् ?
- स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम कार्यान्वयन गर्नको लागि के कस्ता शिक्षकहरु प्रयोग गरिएका छन्  ?
- प्राथमिक तहमा स्थानीय पाठ्यक्रमको कार्यान्वयन योजना  कसरी गरिएको छ ?
- स्थानीय पाठ्यक्रम अध्यापनमा के कस्ता विषयवस्तुहरु समेटिएको छ ?
- स्थानीय पाठयक्रम निकायमा कोको सहभागी छन् ?
- स्थानीय पाठ्यक्रमलाई उचित तरिकाले कार्यान्वयन गर्न उत्तम माध्य के हुन सक्छ ?

## १.३ अध्ययनको औचित्यता

नेपाल सामाजिक आर्थिक, राजनैतिक, सांस्कृतिक र भौगोलिक विविधताले भरिएको देश हो । यो तथ्यलाई मध्यनजर राखी स्थानीय पाठ्यक्रमको अवधारणा कार्यान्वयनमा ल्याएको हो । संसारमा विभिन्न मुलुकहरुले स्थानीय शिक्षक वा स्थानीय प्रशासनद्वारा विकसित विद्यालय मा आधारित पाठ्यक्रमलाई बढ्वा दिन थालेका छन् । जसले सामाजिक एकता र संदभावलाई प्राथमिकता दिन्छन् । पाठ्यक्रम शिक्षा प्रणालीको  महत्वपूर्ण अंग हो । जसको सम्पूर्ण शिक्षा प्रणाली आधारित रहेको हुन्छ । त्यसैले पाठ्यक्रमलाई सान्दर्भिक बनाउनको लागि आवश्यकता, उद्देश्य, उत्प्रेरणाका स्रोतहरु पहिल्याउनु पर्दछ । स्थानीय पाठ्यक्रमलाई

कानुनी रुपमा व्यवस्था गरिएको भए पनि स्थानीय जनशक्ति र शिक्षकहरुमा पाठ्यक्रम विकासको ज्ञानको कमीले गर्दा कार्यान्वयनमा समस्या देखिएको छ ,(वाग्ले र पौडेल २०६६)।

यो अध्ययनको महत्वलाई बुँदागत रुपमा निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

- यो अध्ययन स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम संग प्रभावकारी नीति निर्माणको लागि सिद्ध हुन सक्छ ।
- यस संग सम्बन्धित संघ संस्थाहरुलाई स्थानीय पाठ्यक्रमको विकास र परिमार्जनमा सहायकसिद्ध हुन सक्छ ।
- स्थानीय पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरु समाधान गर्न यो अध्ययनले सहयोग गर्नसक्छ ।
- स्थानीय पाठ्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि अपनाउनु पर्ने बाटोहरुको बारेमा जानकारी दिन्छ ।
- यस विषयसंग सम्बन्धित रहेर भविष्यमा गरिने कुनै पनि अध्ययनलाई सन्दर्भ सामाग्रीको रुपमा उपयोग हुनेछ ।

### १.४ अध्ययनको उद्देश्य

कुनै पनि अनुसन्धान कार्यगर्नका लागि अपेक्षाकृत रुपमा केही उद्देश्यहरु निर्धारण गरिएको हुन्छ । बिना उद्देश्य अध्ययनले गति लिन सक्दैन । यस अध्ययनलाई प्रभावकारी र अर्थपूर्ण बनाउन निम्न उद्देश्यहरु निर्धारण गरिएका छन् ।

१. स्थानीय पाठ्यक्रम निर्माणको सिद्धान्तको खोजी गर्नु ।
२. कार्यान्वयन गरिएको स्थानीय पाठ्यक्रमको अवस्था पत्ता लगाउनु ।
३. स्थानीय पाठ्यक्रमको सिद्धान्त र अभ्यास बीचको अन्तर सम्बन्धको विश्लेषण गर्नु ।

### १.५ अनुसन्धानात्मक प्रश्न :

१. स्थानीय पाठ्यक्रमको सैद्धान्तिक र व्यवहारिक रुपमा के कस्ता फरकहरु रहेका छन् ?
२. स्थानीय पाठ्यक्रम को ढांचा कस्तो छ ?
३. स्थानीय पाठ्यक्रम कार्यान्वयन को योजना कसरी तयार गरिएको छ ?

४. स्थानीय पाठ्यक्रम को निर्माण तथा कार्यान्वयनमा देखिएका समस्याहरु समाधान गर्नका लागि कस्तो बाटोहरु पहिल्याउनु पर्छ ?

## १.६ अध्ययनको परिसीमा

कुनै पनि अध्ययनले सम्बन्धित अध्ययन क्षेत्रको सम्पुर्ण पक्षलाई समेट्न नसक्ने कुरामा कसैको पनि दुईमत रहदैन । त्यसैले यस अध्ययनको पनि उपलब्ध समय, साधन र स्रोतको कारण आ-आफ्नै निश्चित सिमितताहरु रहेका छन् । जुन निम्नानुसार छन् :

१. यो अध्ययन चितवन जिल्लाको पिठूवा गा.वि.स अर्न्तगत रहेको सातवटा विद्यालयमध्ये ४ वटा विद्यालयमा सिमित गरिएको छ ।
२. सूचना संकलनको लागि सम्बन्धित विद्यालयको प्रधानाध्यापक र स्रोत व्यक्तिलाई समावेश गरिने छ ।
३. सूचना संकलनको साधनको रुपमा Document Study, प्रश्नावली, प्रत्यक्ष अवलोकन र अर्न्तवार्ताको प्रयोग गरिने छ ।
४. यो अध्ययनमा प्राथमिक तहको स्थानीय पाठ्यक्रमको सिद्धान्त र अभ्यास बिचको अन्तर सम्बन्धको विश्लेषणात्मक अध्ययनमा सिमित गरिएको छ ।

## १.७ (संक्षिप्त शब्दावलि)

| | | |
|---|---|---|
| गा.वि.स | : | गाँउ विकास समिति |
| जि.वि.स | : | जिल्ला विकास समिति |
| पा.वि.के | : | पाठ्यक्रम विकास केन्द्र |
| जिसिका | : | जिल्ला शिक्षा कार्यालय |

# अध्याय-दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

कुनै पनि विषय वा क्षेत्रमा देखिएका विद्यमान समस्यालाई समाधान गर्ने उद्देश्यले विभिन्न अध्ययन  अनुसन्धान कार्यहरु गरिन्छ । त्यससँग सम्वन्धित विषयमा यस अघिपनि विभिन्न अध्ययन अनुसन्धान भएका हुन सक्दछन् । यस्ता विषउवस्तुको अध्ययनलेअनुसन्धानलाई सरल बनाउन सकिन्छ । यस अर्न्तगत सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका गरी दुई भागमा विभाजन गरी अध्ययन गरिन्छ ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

पाठ्यक्रम विकास केन्द्र (२०६४) "प्राथमिक शिक्षा पाठ्यक्रम कार्यान्वयन पुस्तिका" मा पाठ्यपुस्तकको अभावमा स्थानीय पाठ्यक्रमको कार्यान्वयनमा भाषा विषय, मातृभाषा वा अन्य विषयको शिक्षण सिकाईको लागि पाठ्यपुस्तक आवश्यक हुन सक्छन तर अन्य स्थानीय विषयका लागि विद्यार्थीले पुस्तक पढेर भन्दा पनि स्थानीय तहका सम्बन्धित व्यक्तिहरुसंग छलफल गरेर सम्बन्धित कुराहरु अवलोकन गरेर, सम्बन्धित काममा सहभागि भएर र कामको अभ्यास गरेर पनि सिक्न सक्दछन भन्ने उल्लेख गरिएको छ । स्थानीय भाषा तथा सामाजिक अध्ययन शारिरीक शिक्षा र सिर्जनात्मक कला विषयको २० प्रतिशत अंशको वार्षिक पाठ्यभार अर्न्तगत सामाजिक अध्ययनका लागि कक्षा १-३ मा वार्षिक ५/६ हप्ता, शारिरीक शिक्षा र सिर्जनात्मक क्रियाकलापका लागि ३/४ हप्ता र स्थानीय विषयको लागि १२८ घण्टी (प्रतिहप्ता ४ घण्टी) पठन-पाठन गराउने व्यवस्था गर्नुपर्दछ भने उल्लेखित तिन विषयको तहगत उद्धेश्य र विषयक्षेत्र केन्द्रबाट निर्धारण भएकाले स्थानीय तहबाट तहगत र विषयगत उद्धेश्य निर्धारण गरिरहन पर्दैन । सामाजिक अध्ययन अर्न्तगत आफू, आफ्नो परिवार र छर-छिमेक, हाम्रो परम्परा, सामाजिक मूल्य र मान्यता, सामाजिक समस्या विकृति र तिनको समाधान र नागरिक चेतना जस्ता विषयक्षेत्रमा जोड दिएको पाईयो ।

श्रेष्ठ, (२०६८)ले स्थानीय पाठयक्रम निमार्ण प्रकृया र कार्यान्वयनको अवस्था भन्ने शिर्षकमा गर्नु भएको अध्ययनबाट निम्न निष्कर्ष निकाल्नु भएको छ । स्थानीय स्तरमा स्थानीय सरोकारवालाहरूलाई सहभागितामा स्थानीय आवश्यता अनुसार स्थानीय विषयवस्तुहरू समावेश गरि निमार्ण र कार्यान्वयन हुन पाठ्यक्रमलाई स्थानीय पाठ्यक्रमको रुपमा लिईएको छ। उक्त लेखमा स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन पक्षलाई उदार ढङ्गले औल्याउन खोजेको पाईयो । विद्यालय तहमा स्थानीय पाठ्यक्रम किन आवश्यक छ ?स्थानीय पाठ्यक्रम निमार्ण कसले र कसरी गर्ने, कहिले गर्ने, कहाँ गर्ने, नीतिगत समस्या कसरी मिलाउने ? भन्ने जस्ता कुराहरु उल्लेख गरिएको पाइयो ।

पौडेल, (२०६३) ले "आवश्यकता र समस्याको भुमरीमा स्थानीय पाठ्यक्रम भन्ने शीर्षकमा गर्नुभएको अध्ययनबाट निम्न निष्कर्षहरु निकाल्नु भएको छ । स्थानीय पाठ्यक्रमको आवश्यकता पुष्टी गर्ने थुप्रै आधारहरु छन । राष्ट्रिय योजना, विकेन्द्रीकरणको सिद्धान्त अनुसार संचालन गरिनु, शिक्षाका सबै दस्तावेजले स्थानीय पाठ्यक्रमको व्यवस्था कार्यान्वयन गर्नेतर्फ विशिष्ट ध्यान दिइनु, भुमण्डलीय अभ्यास पनि विद्यालयमा आधारीत शैक्षिक व्यवस्थापन कार्यान्वयनमा रहनु, पाठ्यक्रम समावेशी भएन भन्ने तर्क बारम्बार प्रेसमा आउनु, नेपाली विविधतालाई पाठ्यक्रमले सम्बोधन गर्न सक्ने भनेर चर्चा ब्याख्या गरिनु आदिले स्थानीय पाठ्यक्रमको आवश्यकतालाई पुष्टि गरेका छन् ।

स्थानीय पाठ्यक्रम कार्यान्वयनका पक्ष पनि समस्या हो । यसका लागी विभिन्न अवस्थाहरु जिम्मेवार देखिन्छन । स्थानीय निकायलाई शशक्तिकरण नगरिएको अवस्था, अधिकार प्रत्यायोजन गरिएको तर आर्थिक अधिकार प्रत्यायोजन नगरीएको अवस्था शिक्षकहरुमा पाठ्यक्रम सम्बन्धि ज्ञान,सिपका पक्षबाट सक्षम बनाउन नसकिएको अवस्था, विद्यार्थीको चाप अनुसार शिक्षक आपूर्ति गर्न नसकिएको अवस्था, जस्ता पक्षहरुले स्थानीय जनता शिक्षाप्रति आकर्षित नभएको अवस्था जस्ता पक्षहरुले स्थानीय पाठ्यक्रमको निर्माण तथा कार्यान्वयनलाई समस्या एवं चुनौतिका रुपमा खडा गरेका छन् । जसमा स्थानीय पाठ्यक्रमको अनुभवबाट सिक्नुपर्ने गरी संस्थागत विकास, साझेदारी विकास, राजनीतिक प्रतिबद्धताको विकास वा सक्षमता र पेशागत संगठनको परिचालन आदिमा जोड दिइएको पाईयो । (Cited in Shrestha 2068)

नेपालको अन्तरिम संविधान २०६३ को भाग १७, धारा १३९ मा स्थानीय स्वायत्त शासन सम्बन्धी व्यवस्था गरिएको छ । यसमा भनिएको छ “स्थानीय स्तरदेखि नै जनताको सार्वभौमसत्ताको प्रयोग गर्ने अनुकुल वातावरण बनाई मुलुकको शासन व्यवस्थामा जनताको बढी भन्दा बढी सहभागिता प्रवर्द्धन गर्न र जनतालाई स्थानीय स्तर देखि नै सेवा उपलबध गराउन तथा लोकतन्त्रको स्थानीय स्तर देखि नै संस्थागत विकास गर्न विकेन्द्रीकरण तथा अधिकारको निरपेक्षणका आधारमा स्थानीय स्वायत्त शासन सम्वन्धि निकायको व्यवस्था गरिनेछ । Education for all । माध्यमिक शिक्षा संयोग कार्यक्रम (Secondary Education Support Programme२००३-२००८ ले पनि दश देखि पन्ध्र प्रतिशत सम्म स्थानीय पाठ्यक्रमलाई जोड दिएको छ । यिनै दस्तावेज प्राथमिक तहको पाठ्यक्रमको संरचना आदिको आधारमा प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ (१-३ कक्षा) तथा २०६५ (४-५ कक्षा) ले प्राथमिक तहको स्थानीय विषयको रुपमा १०० प्रतिशत तथा सामाजिक अध्ययन, शारीरिक शिक्षा र सृजनात्मक कला विषयमा २० प्रतिशत पाठ्याशं स्थानीय स्तरको राख्न सक्ने प्रावधान गरेको छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप -ल.आ) २०६३ ले आधारभुत तहको शिक्षामा स्थानीय पाठ्यक्रम रहने व्यवस्था गरेको छ ।

पाठ्यक्रम विकास केन्द्रद्धारा प्रकाशित स्थानीय पाठ्यक्रम निर्माण निर्देशिका २०६४ ले प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ को २०६२ संसोधनमा समावेश भएका सामाजिक अध्ययन, सृजनात्मक कला र शारिरीक शिक्षा विषयमा २० प्रतिशत पाठ्यक्रम स्थानीय तहमा निर्माण गरी कार्यान्वयन गर्ने प्रावधान तथा १०० पूर्णाङ्कको स्थानीय परिवेश अनुरुपको मातृभाषा वा स्थानीय विषय छनोट गर्न सक्ने व्यवस्था गरेको छ । परिर्माजित प्राथमिक शिक्षा पाठ्यक्रम २०६५(कक्षा १-३) २०६५ कक्षा (४ र ५) ले स्थानीय पाठ्यक्रमको बारेमा निम्नानुसारको व्यवस्था गरेको छ ।

| **क. स** | **विषय** | **केन्द्रले तोकेको विषयवस्तुको अंश** | **स्थानीय तहबाट तोक्ने विषयवस्तुको अंश** |
|---|---|---|---|
| १ | स्थानीय विषय (स्थानीय तहबाटै छनोछ हुने (एक विषय ) | - | १००% |
| २ | सामजिक अध्ययन | ८०% | २०% |
| ३ | शारीरिक शिक्षा | ८०% | २०% |
| ४ | शिर्जनात्मक कला | ८०% | २०% |

यस तालिकाबाट प्राथमिक तहका लागि तोकिएका विभिन्न विषय मध्ये एउटा विषय स्थानीय विषय स्थानीय विषय हुने र त्यसको छनोट र पाठ्यक्रम निर्माण स्थानीय तहबाटै हुने र उल्लेखित अन्य तीन विषयमा तोकिएको पाठ्यभारमा २० प्रतिशत स्थानीय विषयवस्तु थप गरेर पठनपाठन गर्न सकिने देखिन्छ । (स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन सम्बन्धी सचेतना सामाग्री २०६५) ।

(शर्मा एण्ड शर्मा (२०६६)का अनुसार स्थानीय पाठ्यक्रम स्थानीय तहमा नै निर्माण गरिन्छ । यसले स्थानीय ज्ञान सीप विकासलाई जोड दिन्छ । स्थानीय विषयहरुको छनोट गरी विद्यार्थीहरुलाई ती विषयमा ज्ञान, सीप, प्रदान गर्नु यस पाठ्यक्रमको उद्देश्य हो । यस प्रकृयाले विद्यार्थीमा काम गर्ने बानीका विकास हुने, आत्मनिर्भरता बढाउने, शिक्षण सिकाई कार्यमुलक र उत्पादनमुलक हुने तथा स्थानीय विकासमा जोड दिने विश्वास गरीन्छ । स्थानीय पाठ्यक्रम स्थानीय ज्ञान र सीप विकासमा आधारित अति आवश्यक पाठ्यक्रम हो । स्थानीय पाठ्यक्रम निम्न सिद्धान्तहश्रमा आधारित हुनुपर्दछ ।

- पाठ्यक्रम लोकतान्त्रिक हुनुपर्दछ
- पाठ्यक्रम खुला हुनुपर्दछ
- पाठ्यक्रम समावेशी हुनुपर्दछ
- पाठ्यक्रम सन्तुलित हुनुपर्दछ
- पाठ्यक्रम समाज र राष्ट्रिय आवश्यकता पुरा गर्ने हुनुपर्दछ
- पाठ्यक्रम क्रियाकलापमा आधारित हुनुपर्दछ

खनाल र अधिकारी (२०६६) लेस्थानीय पाठ्यक्रमलाई कायान्वयन गर्ने तरीका निम्नानुसार उल्लेख गरेका छन् ।

स्थानीय पाठ्यक्रम कार्यान्वयन गराउन उद्योगति, श्रमिक, व्यापारी, बुद्धिजीवि, शिक्षक, स्रोतव्यक्ति आदीलाई संलग्न गराउने र तिनीहरुलाई स्रोत व्यक्तिको रुपमा कक्षा कोठामा ल्याई अर्न्तक्तिया गराउन सकिन्छ ।

- विषयको स्वरुप अनुसार समुदायमा रहेका विभिन्न विषयमा सीप, ज्ञान प्राप्त वा व्यवसाय गरी बसेका व्यक्तिलाई विद्यालयमा आमन्त्रण गरी छलफल प्रश्नोत्तर गर्ने तथा विद्यार्थीलाई शिक्षण गर्न सकिन्छ ।
- सम्बन्धित विद्यालयकाशिक्षक तथा सो विषयमा विशेषज्ञता हासिल गरेका व्यक्तिबाट शिक्षण गराउन सकिन्छ ।
- विषयवस्तुको जानकारीको लागि स्थलगत भ्रमण गर्नुपर्ने सोही स्थानमा गई अध्ययन गर्ने जस्ता कार्यद्वारा प्रत्यक्ष अवलोकनद्वारा सिकाउन सकिन्छ ।
- विद्यार्थीलाई विषयवस्तुको जानकारी गराउन परियोजना (Project work) गराउन सकिन्छ ।

**स्थानीय पाठ्यक्रम स्रोत सामाग्री** (२०६७)

**स्थानीय पाठ्यक्रमको कार्यान्वयन**

केही मातृभाषा बाहेक अन्य विषयका पाठ्यपुस्तक निर्माण गरिएको छैन । स्थानीय आवश्यकतालाई दृष्टिगत गरेर केन्द्रले नत सबै स्थानकालागि पाठ्यपुस्तक तयार गर्न सक्छ न त केन्द्रले तयार गरिदिएका पाठ्यपुस्तक स्थानीय तहका लागि उपयोगी हुन सक्दछन् । सम्भव भए स्थानीय पाठ्यपुस्तकका आधारमा पाठ्यपुस्तक स्थानीय तह आफैंले तयार गर्नुपर्दछ । पाठ्यपुस्तक निर्माण गर्न नसकिएता पनि स्थानीय पाठ्यक्रमको कार्यान्वयन गर्न सकिन्छ । स्थानीय पाठ्यक्रममा भएका विषयवस्तु विद्यार्थीले प्रत्यक्ष देखेरै सम्बन्धित व्यक्ति वा स्रोत व्यक्तिहरुसंग छलफल गरेर, वास्तविक काममा सहभागि भएर वा अभ्यासबाट सिक्न सक्छन् । त्यसैले स्थानीय पाठ्यक्रम कार्यान्वयनका लागि पाठ्यपुस्तक नभएपनि शिक्षण सिकाई क्रियाकलाप प्रभावकारी रुपमा संचालन गर्न सकिन्छ । उदाहरणका लागि तरकारी खेतीमा स्थानीय जातका तरकारीको परिचयका लागि शिक्षक, विद्यार्थी र किसानबाट विद्यालयमा थरी-थरीका तरकारी जम्मा गरेर प्रदर्शन गर्न सकिन्छ । ती तरकारीको बारेमा अनुभवी किसान र कृषि प्राविधिकहरुसंग छलफल पनि गर्न सकिन्छ । तरकारीको बीउ उमारेको, सारेको, पानी पटाएको तरकारी, बाली हुर्केको, तरकारी टिपेको र तरकारी बालीलाई कीरा र रोगले नोक्सान गरेको कुरा तरकारी बारीमा गएर अवलोकन गर्न सकिन्छ । यस कुरा पछि तरकारी खेतीको अभ्यास पनि गर्न सकिन्छ । पाठ्यपुस्तक पढेर

भन्दा यस्ता क्रियाकलापबाट सिकाई प्रभावकारी हुन्छ । स्थानीय पाठ्यक्रममा उपयोगी शिक्षण सिकाई क्रियाकलाप निम्नानुसार संचालन गर्न सकिन्छ ।

- छलफल
- प्रदर्शन
- सहभागिता
- अवलोकन भ्रमण
- अभ्यास प्रयोगात्मक कार्य
- योजना कार्य

राष्ट्रिय पाठ्यक्रम प्रारुप (२०६३) मा स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनलाई पाठ्यक्रमका विषयवस्तु सिकाई अवधारणा र प्रकृयाहरुमा सामाजिक मुल्य र मान्यता जान्नका लागि सिक्ने र मिलेर बस्न सिक्ने जस्ता पक्षहरु समेटेको हुनपर्ने भनी उल्लेख गरिएको छ । यसका लागि पाठ्यक्रममा विषयवस्तुहरु परिमार्जन गर्ने, निर्देशनहरु सुधार गर्ने र सिकाई उपलब्धीको मापन गर्नुपर्दछ । स्थानीय आवश्यकतामा आधारीत पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्दा बाल केन्द्रित स्थानीय आवश्यकतामुखी हुने गरी लचकता प्रदान गर्नुपर्दछ । यसबाट, बालबालिकाहरुको आफूमा रहेको सिपलाई नयाँ सिपका रुपमा प्रबर्द्धन गर्न सक्ने अवसर प्रदान गर्नसकिने छ भन्ने कुरामा जोड दिएको छ ।

माध्यमिक शिक्षा पाठ्यक्रम प्रारुप (२०६४) मा स्थानीय पाठ्यक्रमको बारेमा उल्लेख गरिएको छ । जसअनुसार स्थानीय पाठ्यक्रम सम्बन्धी हाम्रो मुलुकको वस्तुस्थिति विविधता पूर्ण छ । भौगोलिक, सांस्कृतिक, भाषिक, जातिय र धार्मिक कुराहरुमा विविधता रहेकोले विभिन्न ठाउँमा विभिन्न स्रोतहरु रहेका छन् । जसले गर्दा आवश्यकता र चाहानाहरु पनि फरक-फरक छन् । त्यसैले हाम्रो मुलुकमा स्थानीय पाठ्यक्रमको आवश्यकता निर्माणमा निम्न आधारलाई जोड दिएको छ ।

- सामाजिक विविधता अनुरुपको पाठ्यक्रमवस्तुलाई प्रोत्साहन गर्ने ।
- व्यक्ति, समुह, समाजको आवश्यकतालाई सम्बोधन गर्ने ।

- स्थानीय महत्वपूर्ण चाडपर्व, स्थान विशेषको कला कौशल, व्यवसाय, उद्योग, प्राकृतिक स्रोतको उचित प्रयोग र परिचालनका लागि आवश्यक जोड दिने ।
- पाठ्यक्रमलाई बढी उपयोगी, सान्दर्भिक र आवश्यकता मुखी बनाउने ।
- स्थानीय तहका सरोकारवालाहरु र संस्थाको सक्षमतालाई अधिकतम परिचालन गर्ने ।

पाठ्यक्रम विकास केन्द्र (२०६३) ‘‘पाठ्यक्रम तथा पाठ्यपुस्तक प्रबोधिकरण” स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको समस्या र समाधानका उपायहरु निम्न लिखित रुपमा उल्लेख गरिएको छ ।

**समस्याहरु**

- विषय छनोटको समस्या
- प्राविधिक कठिनाई
- आर्थिक स्रोतको अभाव
- विषय शिक्षकको अभाव
- शिक्षण सिकाई प्रकृयामा अन्योल
- नेतृत्वको कमि
- शैक्षिक सामाग्रीको अभाव
- चेतनाको कमि आदि

**समाधानका उपायहरु**

- स्थानीय स्तरको विषयवस्तुको छनोट गर्ने
- स्थानीय स्रोत, साधन र सामाग्रीको उपयोग गर्ने
- सम्बन्धीत विद्यालयको शिक्षकहरुलाई सशक्तिकरण गर्ने
- स्थानीय ज्ञान, सीप र पेशा जान्ने व्यक्तिलाई स्रोत व्यक्तिको रुपमा प्रयोग गर्ने
- विद्यार्थीलाई सम्बन्धित स्थानमा लगी अवलोकन भ्रमण गराउने ।

- स्थानीय पाठ्यक्रम निर्माण गर्दा सबै वर्ग, जाति र सम्प्रदायलाई संलग्न गराई आफ्नोपनको भावना जागरण गराउने (Cited in Shrestha 2068)

CDC (2006) वर्तमान अवस्थाको विद्यालय पाठ्यक्रमले न स्थानीय जनताको आवश्यकता बमोजिम स्थानीय समस्याहरु समावेश गरेको छ । नत स्थानीय विषयवस्तुलाई नै समेट्न सकेको छ । सन् २००३को प्राथमिक शिक्षा पाठ्यक्रमले सामाजिक अध्ययन, शारीरिक शिक्षा र सृजनात्मक कलामा २० प्रतिशत स्थानीय विषयवस्तु हुने र अन्य विभिन्न विषयहरु मध्ये एक विषय स्थानीय विषय हुने र त्यसको आंशिक भार १०० हुने प्रावधान राखेको छ । प्राथमिक तहमा स्थानीय पाठ्यक्रम सम्बन्धित ती व्यवस्थाहरुको बाबजुद न शिक्षकहरुलाई ती विषयवस्तु समेट्न तालिम दिईएको छ नत उनीहरुको क्षमता अभिवृद्धिका लागि प्रर्याप्त शैक्षिक सामाग्रीहरु नै उपलब्ध गराईएको छ । कुनै पनि शिक्षा प्रणालीको गुणस्तर र प्रभावकारिता सिकारु र शिक्षक बीचको अन्तरक्रियामा निर्भर हुन्छ । पाठ्यक्रम विकास प्रकृयामा शिक्षकहरुको सहभागिताले पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनमा सहयोग पुऱ्याउँछ । अहिलेको विद्यालय पाठ्यक्रम प्रमुख समस्या यसको प्रभावकारी कार्यान्वयन हुन नसक्नु रहेको छ । जसको प्रमुख कारण पाठ्यक्रम विकासमा शिक्षकहरुको पहुँच नहुनु र शिक्षकहरुलाई आवश्यक तालिम नदिनु हो । (Cited in Niure 2009:9)

प्रत्येक समुदायलाई कानुनमा व्यवस्था भए बमोजिम आफ्नो आफ्नो मातृभाषामा आधारभुत शिक्षा पाउने हक हुने छ भनी मौलिक हक अन्तर्गत धारा १७ को शिक्षा तथा संस्कृति सम्बन्धी हकमा उल्लेख गरिएको छ । त्यस्तै सोही धारा १७ मा नेपालमा बसोवास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा,संस्कृति, सभ्यता र सम्पदाको संरक्षण र सर्वद्धन गर्ने हक हुने छ भनी उल्लेख गरिएको छ । अन्तरिम संविधानको यो भावना र मुल मर्मलाई बुझेर त्यसलाई कार्यान्वयनमा ल्याउनको लागि स्थानीय स्तरमा रहेको विभिन्न खालको जातिय, भाषिक, सांस्कृतिक आदि विविधताहरुको अध्ययन र अन्वेषण गरी स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा जोड दिनुपर्ने देखिन्छ । (नेपालको अन्तरिम संविधान, २०६३, Cited in Shrestha 2068)

पाठ्यक्रम विकास केन्द्रले स्थानीय पाठ्यक्रम निर्माणको जिम्मेवारी विद्यालय, स्रोत, केन्द्र र जिसिकालाई दिईएको छ । कुनै एउटा स्कुलले स्रोतकेन्द्र भरिका विद्यालयलाई उपयोगी हुने विषयवस्तु भए स्रोतकेन्द्रले र जिल्लाभरिका विद्यालय लाई काम लाग्ने भए जि.सि.का.को अगुवाईमा स्थानीय पाठ्यक्रम निर्माण गरिन्छ । पाठ्यक्रम निर्माण प्रकृयामा भने शिक्षक,

विद्यार्थी, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र बुद्धिजीवीको संलग्नता अनिवार्य गरिएको छ । २०४९ सालमा इच्छाधीन बनाईएको स्थानीय पाठ्यक्रमलाई २०६२देखि कक्षा १-३ र २०६५ देखि कक्षा ५ सम्मका लागि अनिवार्य गरिएको हो । यस अनुसार स्थानीय आवश्यकता र सन्दर्भ अनुसार स्कुलले प्राथमिक तहमा १०० पुर्णाङ्कको तरकारी खेती सम्बन्धी नमुना पाठ्यक्रम निर्माण गरेको छ । उक्त पाठ्यक्रमले कक्षा ५ पुरा गर्दा छात्रछात्राहरुले गाउँघरमा पाईने हिउँदे र बर्खे तरकारीको सूची बनाउन तरकारी खेती गर्ने औजार प्रयोग गर्न तरकारीका बेर्ना उमार्न तरकारी खेतीको बार बन्देज गर्न, तरकारीको रोग नियन्त्रणको उपाय जानेर आफ्ना अभिभावकहरुलाई सहयोग गर्न सक्ने अपेक्षा राखेको छ । स्थानीय संभावना अनुसार त्यस्तै ढाँचामा स्कुलहरुले स्थानीय पाठ्यक्रम बनाएर लागु गर्न सक्छन् । -शिक्षक मासिक जेठ, २०६८)

## २.२ सैद्धान्तिक खाका

स्थानीय पाठ्यक्रम विकेन्द्रीकरणको सिद्धान्तमा आधारित पाठ्यक्रम हो । किनकी निर्णय गर्ने अधिकार तल्लो तहमा सुम्पनु नै विकेन्द्रीकरण हो । यो अधिकार प्रत्यायोजनको परिणाम हो । शासकीय सत्ता जनताको हातमा जनता नै सर्वोपरि शक्तिको रुपमा आफ्नो अधिकार र कर्तब्यको बोध गरी आवश्यकता आफै पुरा गर्ने, सामाजिक मूल्य र मान्यता तथा विश्वासको आधारमा सन्तुलन कायम गरी स्थानिय रुपमा अधिकारको विभाजन गर्नु भनेको विकेन्द्रीकरण हो । Defactoर Dejureको अवधारणा अनुसार मौखिक रुपमा दिईएको अधिकार, प्रतिनिधिमुलक अधिकार तथा पूर्ण कानुनी अधिकार का अवधारणा अनुसार जनसहभागिताको आधारमा पूर्ण स्वतन्त्रताको उपयोग गदै तल बाट माथि तिर (Bottom up)चिन्तनलाई अङ्किार गरिएको हुन्छ । अतः स्थानिय पाठ्यक्रम पनि स्थानीय स्तरमा स्थानीय सरोकारवालाहरुको सहभागितामा स्थानीय आवश्यकताहरुलाई समेटी निर्माण गरिने भएकोले अथवा यसले स्थानीयतालाई जोड दिने भएकोले स्थानीय पाठ्यक्रम विकेन्द्रीकरणको सिद्धान्तमा आधारित छ भन्न सकिन्छ । (श्रेष्ठ, खनाल, बस्न्यात, लुइटेल र आचार्य)

## २.३ शैक्षिक उपदेयता

पाठ्यक्रमको स्थानीयकरणले केन्द्रिय पाठ्यक्रमले समेट्न नसकेका बिषयवस्तु, पक्ष, समाबेशीकरण, सहभागिता, निर्णय प्रकृया, जन अपेक्षा, आदिले स्थान पाँउछन् । यसले पाठ्यक्रमलाई समसामयिक, सान्दर्भिक,लचिलो, खुल्ला, सन्तुलित र लोकतान्त्रिक र स्थानीय मूल्य मान्यता अनुरुप बनाँउछ । यसले विद्यालयमा आधारित पाठ्यक्रम निर्माण र कार्यान्वयनमा आदान प्रदान संस्कृतिको बिकास गराँउछ । त्यस्तै यिनले सक्रिय सहंभागिताको अपेक्षा गर्दछ र निणर्य प्रकृयामा सबै पक्षको अर्थपूर्ण सहभागिता (Meaningful Participation) गराउँछ । केन्द्रीय पाठ्यक्रमले स्थानीय आवश्यकता र चाहाना भौगोलिक विविधता, जातीय विविधता,र भाषिक विविधतालाई नसमेट्ने हुनाले स्थानीय कला कौशल, सम्पादाहरु संस्कृति, प्रविधिको अध्ययन विधालय स्तरमा हुनु अत्यावश्यक छ । विद्यालयमा पढाइहुने पाठ्यक्रमको विषयवस्तुमा स्थानीय विषय वस्तुलाई प्राथमिकता दिनु अत्यावश्यक छ । स्थानीय पाठ्यक्रम लागू गर्दा स्थानीय आवश्यकताका विषयवस्तुले स्थान पाउने,पाठ्यक्रम विकास स्थानीय तहबाटै हुने, पाठ्यक्रम प्रति स्थानीय जनताको अपनत्व (Ownership)बढ्ने, पाठ्यक्रम विकास र कार्यान्वयनमा पहूँच तथा प्रभावकारीता अभिवृद्धि हुन विद्यालय र समुदायको सम्बन्ध सुदृढ हुने, न्यन मूल्यका स्थानीय सामाग्रीको (low cost, NoCost Material)को प्रयोग हुने र सरोकारवालाको सक्रिय सहभागिता रहने हुनाले स्थानीय पाठ्यक्रमको निमार्ण हुनु अत्यावश्यक छ । यो अध्ययनको लागी विभिन्न किसिमका पुस्तकहरु, लेख,रचनाहरुको अध्ययनबाट प्रतिवेदन लेखनमा सहजता प्रदान गरेको छ । स्थानीय पाठ्यक्रमको सिद्धान्त र अभ्यासको विश्लेषणात्मक अध्ययनबाट शैक्षिक क्षेत्रमा नया आयाम प्रदान गर्ने छ । यस अध्ययनले वर्तमान अवस्थामा स्थानीय पाठ्यक्रम लागु गर्दा देखिएका कमि-कमजोरीहरु निराकरण गरी लक्षित उद्देश्य पुरा गर्न सहयोग गर्ने छ । स्थानीय पाठ्यक्रम स्थानीय ज्ञान-सीपको विकासमा आधारित हुने हुदा विद्यालय शिक्षाबाट वञ्चित धेरै बालबालिकाहरुलाई विद्यालय भित्र्याउन सकिन्छ । यसरी आफ्ना आवश्यकताहरु पाठ्यक्रममा समेटिदिदा शिक्षा प्रति देखिएको उदासिनता लाई कमि गराई शैक्षिक क्षतिलाई कम गर्न यो अध्ययन उपयोगी हुनेछ । यो अध्ययनले विद्यालय, शिक्षक, विद्यार्थी, अभिभावक सम्बन्ध सुधार गरि शैक्षिक गुणस्तर विकास गर्न सहयोग पुऱ्याउनुको साथै यस अध्ययनले शैक्षिक क्षेत्रमा काम गर्ने जो सुकै ब्यक्तिलाई समेत सहयोग पुग्नेछ ।

यस अध्ययनको क्रममा विभिन्न स्रोतहरुको खोजी गरिएको थियो । यस्ता अध्ययनहरुबाट अनुसन्धान कार्यलाई अगाडि बढाउन निकैसहयोग पुग्ने देखिन्छ ।स्थानीय आवश्यकतामा आधारीत पाठ्यक्रम निर्माण गर्दा विकेन्द्रीकृत, समाहिक र सबैको पहुँचको आधारमा गरिने छ । विद्यालय शिक्षा व्यवहारीक भएन यसले स्थानीय आवश्यकताका कुराहरु समेटेन, आफ्नो मौलिक कला संस्कृति पेशाप्रति चासो हटेर गयो र पाठ्यक्रम केन्द्रमूखि मात्र भयो भन्ने जस्ता कुरालाई सम्बोधन गर्न स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा स्थानीय आवश्यकतामा आधारीत सिद्धान्तलाई समेटिने छ । शिक्षालाई स्थानीय आवश्यकता अनुरुप बनाउनु पर्ने तथ्य विभिन्न प्रतिवेदन, गोष्ठी, सेमिनार र परियोजनाका सुझाव प्रतिवेदनले औल्याएका छन्। यसै गरि नेपालको अन्तरिम संविधान २०६३ कोभाग १७ धारा १३९ मा स्थानीय स्वायत्त शासन सम्बन्धी व्यवस्था गरिएको छ । यसमा भनिएको छ स्थानीय स्तरदेखि नैजनता को सार्वभौमसत्ताको प्रयोग गर्ने अनुकुल वातावरण बनाई मुलुकको शासन व्यवस्थामा जनताको बढी भन्दा बढी सहभागिता प्रवर्द्धन गर्न र जनतालाई स्थानीय स्तरमा नै सेवा उपलब्ध गराउन तथा लोकतन्त्रको स्थानीय स्तर  देखि नै संस्थागत विकास गर्न विकेन्द्रीकरण तथा अधिकारको निक्षेपणका आधारमा स्थानीय स्वायत्त शासन सम्वन्धी निकायको व्यवस्था गरिने छ Education for all  र माध्यमिक शिक्षा सहयोग कार्यक्रम ( Secondary Education Support Programme) २००३-२००८ ले पनि दश देखि पन्ध्र प्रतिशत सम्म स्थानीय पाठ्यक्रलाई जोड दिएको छ । यिनै दस्तावेज, प्राथमिक तहको पाठ्यक्रमको संरचना आदिको आधारमा प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ (१-३) कक्षा तथा २०६५(४-५ कक्षा) ले प्राथमिक तहको स्थानीय विषयको रुपमा १०० प्रतिशत तथा सामाजिक अध्ययन, शारिरीक शिक्षा र सृजनात्मक कला विषयमा २० प्रतिशत पाठ्यांश स्थानीय स्तरको राख्न सक्ने प्रावधान गरेको छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३ ले आधारभुत तहको शिक्षामा स्थानीय पाठ्यक्रम रहने व्यवस्था गरेको छ ।

पाठ्यक्रम विकास केन्द्रद्धारा प्रकाशित स्थानीय पाठ्यक्रम निर्माण निर्देशिका २०६४ ले प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ को २०६२ संसोधनमा समावेश भएका सामाजिक अध्ययन,सृजजात्मक कलार शारीरकि शिक्षा विषयमा २० प्रतिशत पाठ्यक्रम स्थानीय तहमा निर्माण गरी कार्यान्वयन गर्ने प्रावधान तथा १०० पुर्णाङ्कको स्थानीय परिवेश अनुरुपको मातृभाषा वा स्थानीय विषय छनोट गर्न सक्ने व्यवस्था गरेको छ ।

# अध्याय तीन
# अध्ययन विधि

अध्ययन अनुसन्धानलाई सहज तरिकाले सम्पन्न गर्नका लागि निश्चित तरिका एवं विधिको प्रयोग गर्ने गरिन्छ । अध्ययन गर्ने विधि एवं तौर तरिकाहरु अध्ययनका उद्देश्य, अनुसन्धानको प्रकृति र अनुसन्धानकर्ताहरुको रुचि एवं आवश्यकतामा निर्भर रहेको हुन्छ । अध्ययन विधिले अनुसन्धान सहज एवं सरल तरिकाले संचालन गर्न महत्वपूर्ण भूमिका खेलेको हुन्छ ।

## ३.१ अनुसन्धान ढाँचा

अनुसन्धान कार्यको लागि तयार पारिने बृहत योजना तथा रणनीतिलाई नै अनुसन्धान ढाँचा भनिन्छ । प्रत्येक अध्ययन अनसन्धानमा फरक-फरक अनुसन्धान ढाँचाको प्रयोग गर्ने गरिन्छ । अनुसन्धान ढाँचा अध्ययनको उद्देश्य अनुसार फरक फरक रहेको पाइन्छ । यस अनुसन्धानमा मुख्यतः गुणात्मक अनुसन्धान ढाचाको विधिको प्रयोग गरिएको छ ।

## ३.२ अध्ययनको जनसंख्या

यस अध्ययनलाई पुरा गर्नको लागि चितवन जिल्ला पिठूवा गा.वि.स. अर्न्तगत रहेको सम्पूर्ण विद्यालय र विद्यालयमा कार्यरत सम्पूर्ण प्रधानाध्यापकहरु र सम्बन्धित स्रोत केन्द्र हेर्ने स्रोत व्यक्तिलाई लिईएको थियो ।

## ३.३ नमूना छनौट :

कुनै पनि शिर्षकमा गरिएका अनुसन्धानहरु सर्म्पूण जनसंख्यालाई समेटेर गरिएका हुदैनन त्यसैले अनुसन्धान गर्दा समग्र जनसंख्याको केहि भागलाई नमूनाको रुपमा छनोट गरि उनिहरुको विशेषताको आधारमा निष्कर्ष निकालि समग्र विशेषताको ब्याख्या गरिन्छ । यस अध्ययनमा पिठूवा गा.वि.स अर्न्तगत रहेका ७ वटा विद्यालयहरु मध्यबाट सुविधाजनक नमूना छनोट विधिको प्रयोग गरि ४ वटा विद्यालयलाई छनोट गरिएको थियो । छनोट परेका विद्यालयबाट ४ जना प्रधानाध्यापक र १ जना स्रोत व्यक्तिलाई नमूनाको रुपमा छनोट गरीएको थियो ।

### ३.४ तथ्याङ्कको स्रोत

कुनै पनि अध्ययन अनुसन्धान गर्न र समस्याहरु पहिल्याउन केही तथ्याङ्क (सूचना) को आवश्यकता पर्दछ । तसर्थ यहाँ अध्ययनसंग सम्बन्धित प्राथमिक स्रोत र द्धितिय स्रोतका आधारमा सूचनाहरु संकलन गरिएको छ ।

**क) प्राथमिक स्रोत**

अध्ययनका क्रममा अनुसन्धानकर्ता आफै सम्बन्धित क्षेत्रमा गई प्र.अ. स्रोतव्यक्ति संग प्रत्येक्ष रुपमा भेटघाट गरी खुल्ला प्रश्नावली, अन्तवार्ता, अवलोकन अाीद मार्फत सूचनाहरु संकलन गरिएको छ ।

**ख) द्धितिय स्रोत**

यस अनुसन्धानको लागि द्धितिय तथ्याङ्कहरु विभिन्न पुस्तकहरु, पत्रपत्रिकाहरु, प्रकाशित तथा अप्रकाशित शोधपत्रहरुDocumentहरुबाट गरिएको छ ।

### ३.५ अध्ययनका साधनहरु

**३.५.१ प्रश्नावली :**

छनोटमा परेका विद्यालयका प्र.अ र स्रोत ब्यक्ति बाट आवश्यक सूचनाहरु प्राप्त गर्नको लागि खुल्ला प्रश्नावलीको उपयोग गरियो ।

**३.५.२ अन्तर्वाता :**

छनोटमा परेका विद्यालयका प्रधानाध्यापक र स्रोत ब्यक्तिबाट आवश्यक सूचनाहरु संकलन गर्नको लागि अनौपचारिक अन्तर्वाताको प्रयोग गरिएको थियो ।

**३.५.३ अवलोकन :**

छनोटमा परेका विद्यालयमा वास्तविक रुपमा त्यहाँको स्थानीय पाठ्यक्रमको कार्यान्वयनको अवस्थाको बारेमा जानकारी हासिल गर्न र त्यहाँ देखिएका कमी-कमजोरी र समस्याहरु पत्ता लगाउन मिश्रित अवलोकन विधिको उपयोग गरियो ।

### ३.६ तथ्याङ्क संकलन प्रकृया

यस अध्ययन कार्यको लागि अनुसन्धानकर्ता द्वारा स्वयं तथ्याङ्क संकलनको लागि तयार पारिएको प्रश्नावली लिई सम्बन्धित विद्यालयमा गई सम्बन्धित विद्यालयका प्र.अ. संग भेटी प्रश्नावली भराई तथ्याङ्क संकलन गरिएको छ र स्रोत व्यक्तिसंग पनि प्रत्यक्ष रुपमा भेटी तथ्याङ्क संकलन गरिएको छ ।

### ३.७ तथ्याङ्कको व्याख्या र विश्लेषण प्रकृया

यस अनुसन्धानको गहन एवं महत्वपूर्ण अङ्गको रुपमा तथ्याङ्क विश्लेषण प्रकृयालाई प्राथमिक र द्वितिय स्रोतहरुबाट संकलित तथ्याङ्कहरुलाई व्याख्या विश्लेषण गरिएको छ । यस अध्ययन गुणात्मक प्रकृतिको भएको हुँदा प्राथमिक र द्वितिय स्रोतबाट प्राप्त तथ्यगत धारणाहरुलाई निष्कर्षमा पुगि बाटाहरु पहिल्याउन वर्णनात्मक तरिकाले व्याख्या विश्लेषण गरिएको छ ।

# परिच्छेद -चार

# नतिजाको ब्याख्या र विश्लेषण

अध्ययन अनुसन्धानका क्रममा छनोटमा परेका विद्यालयका प्रधानाध्यापक र स्रोत व्यक्तिवाट प्राप्त प्रतिक्रियाहरु एवं तथ्याङ्कहरुलाई गुणात्मक रुपमा विश्लेषण गरिएको छ ।

## ४.१ स्थानीय पाठ्यक्रम कार्यान्वयनमा भएका अभ्यासहरु :

स्थानीय पाठ्यक्रमको कार्यान्वयन गर्दा शिक्षकले विद्यार्थीहरुको चाहाना अनुसार विभिन्न विधिहरु प्रयोगमा ल्याउन सक्छन् जस्तै छलफल विधि, प्रदर्शन विधि, विद्यार्थीहरु प्रत्यक्ष रुपमा सहभागि गराएर, भ्रमण गराएर वा योजना कार्यहरु आदि । विद्यार्थीहरुलाई स्थानीय पाठ्यक्रमको अभ्यास गराउँदा विभिन्न स्रोत साधनहरु उपयोगमा ल्याउन सकिन्छ । विद्यालयमा उपलब्ध स्रोत साधनको पनि उपयोग गर्न सक्दछन । यसै सन्दर्भमा अनुसन्धानका क्रममा नमूना को रुपमा लिईएका ४ वटा विद्यालयका ४ जना प्र.अ.हरुले स्थानीय पाठ्यक्रमको लागी सम्भव भए सम्मका स्रोत साधनहरु जुटाएको बताउनुभएको छ भने स्रोत ब्यक्तिले स्थानीय सामाग्री निमार्ण नभएको र त्यसतर्फ ध्यान केन्द्रित नभएको बताएका छन् । स्थानीय पाठ्क्रम कार्यान्वयनलाई निम्न आधारहरुबाट विश्लेषण गरिएको छ ।

### ४.१.१ विषयवस्तु छनोटको प्रकृया

स्थानीय पाठ्यक्रममा विषयवस्तु छनौट ज्यादै महत्वपूर्ण कुरा हो । स्थानीय आवश्यकताका विषयवस्तु पनि अनेकौ हुन सक्छन् । विद्यालयको स्रोत र साधनलाई ध्यान दिएर विद्यार्थीको चाहाना र आवश्यकताका एक भन्दा बढी विषय क्षेत्र एउटा विद्यालयमा सम्भव नभएमा त्यस समुदायले सबभन्दा बढी आवश्यकता ठानेका विषयक्षेत्र छनोट गरी त्यसैबाट विषयवस्तुको चयन गर्न सकिन्छ । छनोटमा परेका विद्यालयहरुको विषयवस्तु छनोट प्रकृयालाई निम्नानुसार तालिकामा देखाउन सकिन्छ ।

**तालिका नं १: सम्बन्धित विद्यालयहरुमा विषयवस्तु छनौटको प्रकृया**

| क्र.स | विद्यालयको नाम | पाठ्यक्रममा राखिएको विषयवस्तु | विद्यालयमा अध्यापन गराईने विषयवस्तु |
|---|---|---|---|
| १ | जनदया मा.वि. पिठूवा-६ | J स्थानीय विषय स्थानीय तहबाटै छनोट हुने (एक विषय)<br>J सामाजिक अध्ययन<br>J शारिरीक शिक्षा<br>J सिर्जनात्मक कला | J सिर्जनात्मक अभिव्यक्ति कला<br>J सामुदायिक वन<br>J लट्ठी खेल<br>J चित्रकला |
| २ | जन जागृति उच्च मा.वि. पिठूवा-३ | J स्थानीय विषय स्थानीय तह बाटै छनौट हुने (एक विषय )<br>J सामाजिक अध्ययन<br>J शारिरिक शिक्षा<br>J सिर्जनात्मक कला | J जैविक विविधता संरक्षण<br>J बन संरक्षण<br>J स्टिक डान्स (थारु नाच)<br>J चित्रकला |
| ३ | द्वारीकादास मा.वि. पिठूवा-३ | J स्थानीय विषय स्थानीय तहबाटै छनौट हुने (एक विषय )<br>J सामाजिक अध्ययन<br>J शारीरिक शिक्षा<br>J सिर्जनात्मक कला | J सिर्जनात्मक अभिव्यक्ति कला<br>J बन संरक्षण<br>J लट्ठी खेल<br>J चित्रकला |
| ४ | श्री निम्न मा.वि. पिठूवा-७, माधवपुर | J स्थानीय विषय स्थानीय तहबाटै हुने (एक विषय)<br>J सामाजिक अध्ययन<br>J शारीरीक शिक्षा<br>J सिर्जनात्मक कला | J सिर्जनात्मक सिप<br>J कला<br>J सामुदायिक वन<br>J लट्ठी खेल चित्रकला |

माथिको तालिकालाई विश्लेषण गर्दा स्थानीय पाठ्यक्रम अर्न्तगत एक विषय स्थानीय स्तरबाट छनौट गर्ने प्रावधान अनुसार जन जागृति उच्च मा.वि.मा जैविक विविधता संरक्ष्ण विषयवस्तु राखिएको पाईयो भने माथिका अरु तिन विद्यालयहरुमा सिर्जनात्मक अभिव्यक्ति कला विषयवस्तु छनौट गरिएको पाईयो । सामाजिक अध्ययन शारिरीक शिक्षा, सिर्जनात्मक कला विषयमा सबै विद्यालयहरुमा समान विषयवस्तु छनोट गरिएको पाईयो । र त्यही विषय

किन छनोट गर्नु भयो भन्ने प्रश्नको जवाफमा जनजागृति उच्च मा.वि का प्रधानाध्यापकले स्थानीय स्तरको वातावरणमा जैविक विविधता संरक्षण गर्न यस्तो विषय छनोट गरिएको बताउनु भयो भने अन्य तिन विद्यालयका प्रधानाध्यापकहरुले विद्यार्थीहरुको अन्तरनिहित कलाको प्रस्फुटन गर्न यस्तो विषय छनोट गरिएको बताउनु भयो ।

### ४.१.२ स्थानीय पाठ्यक्रम निर्माणमा संलग्न निकायहरु

स्थानीय पाठ्यक्रम निर्माण प्रकृयामा योगदान पुयाउने विभिन्न निकायका कार्यहरुबाट तिनको भूमिका स्पष्ट हुन्छ । स्थानीय पाठ्यक्रम निर्माणका लागि स्थानीय स्तरमा रहेका सम्बन्धित सरोकारवालाहरु, शिक्षक, प्रधानाध्यापक ,अभिभावक, शिक्षाविद, समाजसेवीहरुको सहभागिता साथै समाजको आवश्यकता र विद्यार्थीको चाहाना जस्ता पक्षलाई जोड दिएर पाठ्यक्रम विकास निर्माण केन्द्रले तयार पारेको निर्देशिका मा २० प्रतिशत पाठ्यभार स्थानीय तहमा निर्माण गरिने पाठ्यक्रमलाई तोकिएको छ (स्थानीय पाठ्यक्रम  निर्देशिका २०६४)। यस अन्तर्गत विशेष गरि पाठ्यक्रम विकास केन्द्रले स्थानीय मातृभाषा र स्थानीय विषयवस्तुको अपरिहार्यतालाई जोड दिदै मातहतका निकायहरुलाई अधिकार प्रत्यायोजन गरेको छ । यस प्रक्रियाले पाठ्यक्रमलाई केहि व्यवसायिक एवम् व्यवहारिक बनाउन जोड दिएको पाईन्छ ।

**तालिका न. २ स्थानीय पाठ्यक्रम निर्माणमा संलग्नहुनेहरु**

| क .स | विद्यालयको नाम | स्थानीय पाठ्यक्रम निर्माणमा संलग्न व्यक्ति तथा निकायहरु |
|---|---|---|
| १ | जनदया मा.वि. पिठूवा-६ | शिक्षकहरु, विद्यार्थीहरु, अभिभावकहरु, प्र.अ हरु |
| २ | जन जागृति उच्च मा.वि. पिठूवा-३ | विद्यार्थीहरु,शिक्षक अभिभावक संघ, विद्यालय व्यवस्थापन समिति |
| ३ | द्धारीकादास मा.वि. पिठूवा-३ | विद्यालय व्यवस्थापन समिति , शिक्षक अभिभावक संघ , शिक्षक, विद्यार्थी |
| ४ | श्री निम्न मा.वि. पिठूवा-७, माधवपुर | विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ , शिक्षक , विद्यार्थी र अन्य सरोकारवालाहरु |

माथिको तालिका नं २ लाई विश्लेषण गर्दा के प्रष्ट हुन्छ भने सम्बन्धित चार वटे विद्यालयहरुमा स्थानीय पाठ्यक्रम निर्माण गर्दा विद्यालय तहलाई मात्र समावेश गरेको पाइयो । स्थानीय पाठ्यक्रको सिद्धान्त अनुसार स्थानीय पाठ्यक्रम निर्माण गर्दा विद्यालय तह, गाउँ विकास समिति, नगरपालिका तह, स्रोतकेन्द्र तह, जिल्ला तह, क्षेत्रीय तह र केन्द्रीय तहमा निर्माण गर्न सकिने उल्लेख गरिएको छ ।

### ४.१.३ स्थानीय पाठ्यक्रममा शिक्षक तालिमको अवस्था :

तालिम भनेको कुनै पनि व्यक्तिमा कुनै पनि काम गर्न आवश्यक पर्ने ज्ञान, सिप, प्रवृत्ति प्रदान गर्नु हो । व्यक्तिको कार्य क्षमता वृद्धि गर्न श्रम, समय र साधनको बचत गरी सजिलै संग उद्देश्यमा पुग्न र कुनै पनि कार्य प्रभावकारी ढंगले सम्पादन गर्न तालिमको आवश्यकता पर्दछ । त्यसैले तालिम त्यस्तो व्यक्तिलाई आवश्यक पर्दछ ,जसलाई तालिमको आवश्यकता छ, जो तालिम लिन सक्ने क्षमता राख्दछ र जो तालिमको कारणले परिवर्तन हुन सक्दछ । कुनै पनि व्यक्तिलाई नयाँ सीपको आवश्यकता पर्ने कार्यक्रम संञ्चालन गर्दा वा विद्यमान कार्यलाई अझ परिष्कृत ढंगबाट सञ्चालन गर्न , नयाँ प्रविधिको प्रयोग गर्न , थप ज्ञान सिप सिकेर कामको गुणस्तरमा सुधार गर्न तालिमको आवश्यकता पर्दछ ।

कुनै पनि काम गर्नका लागि उक्त काम प्रतिको सिप अपरिहार्य हुन्छ । अनिमात्र कार्य सफलतापूर्वक सम्पादन गर्न सकिन्छ । त्यसमा पनि स्थानीय पाठ्यक्रम शिक्षण गर्नका लागि त्यस सगं  सम्बन्धित ज्ञान ,सिप, दक्षता नभई हुदैन । स्थानीय विषयवस्तुलाई उपलब्धी मुलक हुने गरी शिक्षण गर्नका लागि कस्ता उद्देश्यहरु छनोट गर्ने,कस्ता सामाग्रीहरु प्रयोग गर्ने , कुन शिक्षण विधि अपनाउने र कसरी मुल्याङ्कन गर्ने जस्ता क्रियाकलापहरुको निक्यौल गर्नुपर्ने हुन्छ । अनि मात्र शिक्षणमा प्रभावकारीता आशान्वित सिकाई उपलब्धि हाँसिल गर्न सकिन्छ ।

अनुसन्धानको क्रममा संम्बन्धित विद्यालयका प्रधानाध्यापक सँग अन्तरक्रिया गर्दा सबै विद्यालयका प्रधानाध्यापकहरुले स्रोतकेन्द्रबाट संचालित तालिममा खटाईएको बताउनु भयो र स्रोत व्यक्तिसँग अन्तरक्रिया गदाT.P.D \१ दिने orientation सञ्चालन भएको प्रत्येक विद्यालयबाट १, १ जना सहभागी भएको बताउनु भयो  यस्तो कार्यक्रममा शिक्षकहरुले शिक्षणको क्रममा भोगेका समस्याहरुको समाधान गरिने हुँदा यस्तो कार्यक्रमबाट शिक्षकहरुको शिक्षण क्षमतामा अभिबृद्धि गर्न सकिन्छ ।

### ४.१.४ स्थानीय पाठ्यक्रममा शैक्षिक सामाग्री प्रयोगको अवस्था

शैक्षिक सामग्रीले सिकाईलाई सहज र सजिलो बनाउँछ । शैक्षिक सामग्री प्रयोग गर्नाले शिक्षकलाई पनि सिकाउन सजिलो हुन्छ भने विद्यार्थीहरुले पनि सजिलै सँग सिक्दछन । शिक्षण सिकाई प्रक्रियालाई प्रभावकारी र आकर्षक बनाउनका लागि विषय सुहाउँदो कुनै पनि वस्तुको प्रयोग गर्न सकिन्छ । शिक्षण सिकाईको अपरिहार्य वस्तुका रुपमा शैक्षिक सामग्रीलाई लिईन्छ । शैक्षिक सामग्रीका माध्यमबाट शिक्षकलाई मूर्त कुराहरुको स्पष्ट धारणा बसाल्न सहयोग पुऱ्याउँछ । शैक्षिक सामग्रीको प्रयोगका सम्बन्धमा एउटा चिनिया भनाई पनि छ । "I hear, I forget, I see, I remember, I do, I understand" स्थानीय पाठ्क्रम अध्यापनमा त झन् शैक्षिक सामग्रीको प्रयोग ज्यादै महत्वपूर्ण मानिन्छ । स्थानीय पाठ्यक्रम अध्यापन गर्नको लागि स्थानीय स्तरमा उपलब्ध हुने शैक्षिक सामग्रीहरुको प्रयोग गर्न सकिन्छ । स्थानीय पाठ्क्रममा शैक्षिक सामग्रीको व्यवस्था कसरी मिलाउनु हुन्छ भनि सोध्दा सबै विद्यालयका प्रधानाध्यापहरुले कुनै बोट बिरुवाको चित्र देखाउन शिक्षक एवं विद्यार्थी निर्मित शैक्षिक सामग्रीको प्रयोग गर्ने गरेको बताउनुभयो अध्ययनकर्ता स्वयंले कक्षा अवलोकन गर्दा शैक्षिक सामग्री प्रयोग नगरी शिक्षण गरको पाठयोजनाको साथ नआएको पाईयो ।

### ४.१.५ स्थानीय पाठ्यक्रम शिक्षणमा अवलोकन भ्रमणको अवस्था

स्थान, काम र क्रियाकलापका बारेमा जानकारी गर्न अवलोकन आवश्यक हुन्छ । कतिपय कुराहरु छलफलबाट प्रष्ट नहुन सक्छ । यस्ता छलफलबाट प्रष्ट नहुने विषयवस्तुका लागि अवलोकन भ्रमण गराएर विद्यार्थीहरुलाई प्रत्यक्ष रुपमा सहभागी गराई सिकाउन सकिन्छ । तल्ला कक्षाका विद्यार्थीहरुलाई अवलोकन बढी उपयोगी हुन्छ । अवलोकन छलफल पनि गराउन सकिन्छ । यसका लागि छलफलका बुँदा पनि तयार गर्नुपर्ने हुन्छ । संबन्धित विद्यालयहरुको अवलोकन भ्रमणको अवस्थालाई निम्नानुसार देखाउन सकिन्छ ।

| क.स. | विद्यालयको नाम | भ्रमण गराईएको स्थान |
|---|---|---|
| १. | जनदया मा.वि. पिठूवा-६ | नजिकै रहेको सरस्वती मन्दिरको अवलोकन |
| २ | जन जागृति उच्च मा.वि. पिठूवा-३ | स्थानीय क्षेत्रका सार्वजनिक जंगल |
| ३ | द्धारीकादास मा.वि. पिठूवा-३ | नजिकै रहेको कृषि फर्मको अवलोकन |
| ४ | श्री निम्न मा.वि. पिठूवा-७, माधवपुर | नजिकै रहेको मन्दिर, नहर,वन,सिँचाई |

माथिको तालिका नं. ३ लाई विश्लेषण गर्दा के प्रष्ट हुन्छ भने सबै विद्यालयहरुमा सामाजिक अध्ययनसँग संम्बन्धित रहेर विद्यार्थीहरुलाई धार्मिक एवं ऐतिहासिक महत्वका स्थानहरुको भ्रमण गराईएको पाईयो । यस्ता क्षेत्रहरुको प्रत्यक्ष रुपमा विद्यार्थीहरुलाई सहभागी गराई शिक्षण गर्दा विद्यार्थीहरुमा सिकाई प्रति रुचि बढ्ने र सिकाई पनि स्थायी हुन्छ ।

### ४.१.६ स्थानीय पाठ्यक्रममा वार्षिक कार्य योजनाको अवस्था

एउटा शिक्षकले आफ्नो विषयमा एक वर्षभित्र गर्ने शिक्षण योजनालाई वार्षिक कार्ययोजना भनिन्छ । यसलाई कसैले वार्षिक पाठ योजना त कसैले वार्षिक शैक्षिक योजना पनि भन्ने गरेको पाईन्छ । जे होस् शिक्षकले एक वर्ष भित्र गर्ने कार्यक्रमको विस्तृत योजनालाई वार्षिक कार्ययोजना भनिन्छ । वार्षिक कार्ययोजना प्रत्येक शिक्षकले बनाउनु पर्दछ । वार्षिक कार्य योजना बनाउँदा विद्यालयको शैक्षिक पात्रो, वार्षिक कार्य तालिकालाई आधार मानि बनाउनुपर्छ । कुन- कुन महिनामा कुन दिन के कस्ता शैक्षिक सामाग्री प्रयोग गर्ने पाठमा के-कस्ता शैक्षिक सामाग्री को प्रयोग गर्ने आफ्ना बिषयमा अन्य के- कस्ता क्रियाकलापहरु गराउने सबैको विस्तृत विवरण वार्षिक कार्य योजनामा राखिन्छ । वार्षिक कार्य योजना शिक्षकको लागि त आवश्यक छ-छ अनि यसले विद्यालय व्यवस्थापनमा सहयोग गर्ने हुनाले विद्यालयका लागि पनि त्यतिनै आवश्यक हुन्छ ।

अध्ययनमा परेका विद्यालयहरुको प्रधानाध्यापकहरुबाट प्राप्त प्रतिक्रियालाई विश्लेषण गर्दा सबै विद्यालयका प्रधानाध्यापकहरुले वार्षिक कार्य योजना बनाउदा सबै सरोकारवालाहरुलाई सहभागि गराएर गर्ने गरेको पाईयो ।

### ४.१.७स्थानीय पाठ्यक्रममा पाठ्यभार निर्माण प्रक्रिया

पाठ्यक्रम निर्माण गर्दा पाठ्यक्रममा समावेश भएका पाठ्यांशहरुको कार्यान्वयनका लागि निश्चित समय र पाठ्यभार छुट्याउनु पर्दछ । प्राथमिक तहको पाठ्यक्रम भित्र स्थानीय स्तरमा छनौट गरिएका स्थानीय विषयबस्तहरुको पाठ्यभार स्थानीय तहको जिम्मामा २० प्रतिशत रहेको छ ।

स्थानीय पाठ्क्रममा पाठ्यभार कसरी निर्माण गर्नुहुन्छ भनी सोध्दा सवै विद्यालयका प्रधानाध्यापकहरुले सिर्जनात्मक कला विषयलाई ३, सामाजिक अध्ययन विषयलाई ५ र शारीरिक शिक्षा विषयलाई ३ पाठ्यभार छुट्टाईएको बताउनुभयो ।

### ४.१.८ स्थानीय पाठ्यक्रममा विद्यार्थी मूल्याङ्गनको अवस्था

स्थानीय पाठ्यक्रम स्थानीय पेशा ब्यवसाय संस्कृति जस्ता विषयसंग सम्बन्धित हुने हुँदा विद्यार्थीले सिक्नु पर्ने कुरा किताब पढेर भन्दा प्रत्यक्ष अवलोकन गरेर पेशा ब्यवसायका काम र सामाजिक गतिविधिमा सहभागि भएर तथा अभ्यास गरेर सिक्ने हुदाँ छलफल र प्रयोगात्मक रुपमा निरन्तर मूल्याङ्कन गर्नुपर्दछ । यस्तो विषयमा विद्यार्थीको मूल्याङ्कन अनौपचारिक रुपमा निरन्तर गरिनु पर्दछ । यस्तो मूल्याङ्कनकनलाई निरन्तर विद्यार्थी मूल्याङ्कन भनिन्छ ।

निरन्तर विद्यार्थी मूल्याङ्कनकनका लागी प्रश्नोत्तर, छलफल, विद्याथीका दिनानुदिनका काम क्रियाकलापको अवलोकन, अभिभावकवर्गको राय प्रतिक्रया, विद्यार्थीका साथी समूह प्रतिक्रयाहरु उपयोगी हुन्छन् । सम्बन्धित विद्यालयमा संञ्चालित विद्यार्थी मूल्याङ्कनको अवस्थालाई निम्नानुसार तालिकामा देखाउन सकिन्छ ।

**तालिका नं ४ विद्यालयमा संचालित विद्यार्थी मूल्याङ्कन**

| क .स | विद्यालयको नाम | सञ्चालित मूल्याङ्कन प्रकृया |
|---|---|---|
| १ | जनदया मा.वि. पिठूवा-६ | अवलोकन,परिक्षा, अर्न्तवार्ता, |
| २ | जन जागृति उच्च मा.वि. पिठूवा-३ | अवलोकन, अर्न्तवार्ता,मौखिक प्रश्न,परिक्षा |
| ३ | द्धारीकादास मा.वि. पिठूवा-३ | लिखित र मौखिक साधन,अन्तवाता |
| ४ | श्री निम्न मा.वि. पिठूवा-७, माधवपुर | अवलोकन प्रश्नावली |

माथिको तालिका नं ४ लाई विश्लेषण गर्दा जनदया मा.विमा विद्यार्थीहरुको निरन्तर विद्यार्थी मूल्याङ्कन गर्न अवलोकन, परिक्षा र अर्न्तवार्ताको प्रयोग गरेको, जन जागृती उच्च मा.विमा अवलोकन, अर्न्तवार्ता, मौखिक प्रश्न परिक्षा प्रयोग गरेका द्धरिका दास मा.विमा लिखित र मौखिक साधन अर्न्तवार्ता  प्रयोग गरेको र श्री नि.मा.वि माधापुरमा अवलोकन र प्रश्नावली प्रयोग गर्ने गरेको पाईयो ।

### ४.२ स्थानीय पाठ्यक्रमा सुपरिवेक्षण र अनुगमनको अवस्था :

निरिक्षणबाट कक्षा अवलोकन गर्नु भनेको कक्षामा स्थानीय पाठ्यक्रमको के-कसरी भईरहेको छ । शिक्षकले कक्षामा स्थानीय विषय अध्ययन गर्दा कस्ता विधिहरु प्रयोग गरेका छन्, शैक्षिक सामाग्रिको प्रयोग कसरी गरेका छन् । पाठको प्रकृति र विषयवस्तु सुहाउदो शैक्षिक सामाग्रीको प्रयोग गरेका छन् वा छैनन पाठको प्रकृति हेरेर विद्यार्थीहरुलाई प्रत्यक्ष रुपमा सहभागी गराई शिक्षण गरेका छन कि छैनन् विद्यार्थीहरु शिक्षकको शिक्षण विधि प्रति कत्तिको उत्प्रेरितछन् ? शिक्षकहरु विषयवस्तु प्रति कत्तिको दक्ष छन् ? उनिहरुले तालिमबाट लिएका ज्ञानसिपहरु कक्षाकोठामा उपयोग गरेका छन कि छैनन भन्ने जस्ता कुराहरुमा जानकारी लिनको लागि निरन्तर रुपमा निरिक्षण गरिनुपर्दछ ।

स्थानीय पाठ्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन अनुगमन र सुपरिवेक्षण हुने गरेको छ की छैन भनी स्रोत व्यक्तिसँग अन्तरक्रिया गर्दा उहाले आफैद्धारा निरीक्षण गर्ने गरेको बताउनु भयो । त्यस्तैगरि अध्ययन क्षेत्रको सम्बन्धित विद्यालयका प्रधानाध्यापकलाई स्थानीय पाठ्यक्रमलाई प्रभावकारी बनाउन के-कस्ता प्रयासहरु गर्नु भएको छ भनी प्रश्न गर्दा जनदया मा.वि का प्रधानाध्यापकले कक्षामा निरन्तर रुपमा अनुगमन र सुपरिवेक्षण गर्ने गरेको बताउनु भयो । त्यस्तै गरी जनजागृति उ.मा.वि का प्रधानाध्यापकले स्थानीय पाठ्यक्रमलाई प्रभावकारी बनाउनको लागी सामाग्री संकलनमा सहयोग तथा कार्यान्वयनमा सहयोग गरेको भन्ने कुरा बताउनु भयो । त्यस्तै गरी द्धारिकादास मा.वि.का प्रधानाध्यापकले आवश्यकताको पहिचान गरी योजना बनाएर कार्यान्वयनमा ल्याएको भन्ने कुरा बताउनु भयो भने स्रोत व्यक्ति संगको अन्तरक्रियाबाट पनि स्थानीय पाठ्यक्रमलाई प्रभावकारी बनाउन निरिक्षण र अनुगमनलाई प्रभावकारी बनाउनु पर्ने बताउनु भयो ।

**४.३ स्थानिय पाठ्यक्रमको कार्यान्वनमा देखा परेका मुख्य समस्याहरु :**

स्थानिय पाठ्यक्रमको कार्यान्वयनमा देखा परेका समस्याहरुलाई निम्न वुदाहरुको आधारमा व्याख्या गरिएको छ ।

**४.३.१ शिक्षकसंग सम्बन्धि समस्या :**

मैले अध्ययन गरेको चारवटै विद्यालयहरुमा शारीरिक शिक्षा अर्न्तगत लठिखेल, थारु नाच विषय राखिएको तर शिक्षकहरुमा थारु नाच सम्बन्धि राम्रो ज्ञान नभएकोले शिक्षणमा समस्या देखापरेको छ । त्यस्तै गरी चित्रकलामा सबै शिक्षकहरु दक्ष नभएको कारणले गर्दा पनि समस्या उत्पन्न गराएको छ । त्यसैले उक्त विषय अध्यापन गराउनको लागिशिक्षकहरुलाई तालिमको व्यवस्था गर्नुपर्ने देखिन्छ । पाठ्यक्रममा सामुदायिक बन राखिएको तर त्यसक्षेत्रमा सामुदायिक वनको ब्यवस्था नभएको पाइयो ।

**४.३.२ कक्षागत समस्या :**

परिक्षामा पाठ्यक्रम ढङ्गले समावेश गर्न नसकिएको कारणले गर्दा पनि स्थानीय पाठ्यक्रम कार्यान्वयनमा समस्या देखापरेको छ ।

**४.३.३ विद्यार्थी सँग सम्बन्धित समस्या :**

छनौटमा परेका चारवटै विद्यालयहरुमा शारिरीक शिक्षा अर्न्तगत थारु नाच राखिएको तर थारु नाचलाई सवै सम्प्रदायका विद्यार्थीहरुले चासो नराखेकोले शिक्षणमा समस्या देखा परेको छ ।

**४.३.४ बजेट सम्बन्धि समस्या :**

बजेट अभावको कारणले गर्दा विद्यार्थीहरु क्षेत्रभ्रमण, प्रयोगात्मक कार्यहरु गराउन समस्या भएकोले स्थानीय पाठ्यक्रम कार्यान्वयनको लागि सरकारी निकायबाट बजेटको व्यवस्था गर्नुपर्ने देखिन्छ । त्यसै गरी सरोकारवालाहरुसँग समयमा भेट नहुनु, बैठक नहुनु पनि यसको मुख्य समस्याको रुपमा रहेको छ ।

**४.३.५ सार्न्दभिकता सम्बन्धि समस्या :**

स्थानीय पाठ्यक्रम निर्माण गरेर विद्यालयमा लागु गऱ्यो तर त्यस विषयसंग सम्बन्धित पाठ्यपुस्तकको अभावले गर्दा विद्यार्थीहरुलाई शिक्षण गर्न गाह्रो भएको पाइयो । पाठ्यपुस्तक नभएपछि शिक्षकहरुलाई कुन विषयको ज्ञान कति सम्म दिने भन्ने अन्योल सृजना गर्छ ।

स्थानीय विषय अध्यापन गराउँदा स्थानीय परिवेशको शैक्षिक सामाग्री प्रयोगमा ल्याउनु पर्नेमा त्यसको उचित तरिकाले प्रयोग नभएको पाइयो ।

### ४.४ समस्या समाधानका उपायहरु :

स्थानीय पाठ्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागि विद्यालयका प्रधानाध्यापक र स्रोत व्यक्तिले निरन्तर अनुगमन र सुपरिवेक्षण गर्नुपर्ने देखिन्छ । स्थानिय विषयको बारेमा राम्रो ज्ञान भएको शिक्षकहरुको व्यवस्था गर्नुपर्ने र उनीहरुलाई समयानुकुलको तालिमको व्यवस्था गर्नुपर्ने देखिन्छ । स्थानीय पाठ्यक्रमको विषयवस्तुलाई अध्ययन गर्ने शिक्षकहरुको गोष्ठीहरु संचालन गर्नुपर्ने देखिन्छ । विद्यालयमा स्थानीय विषयवस्तु छनोट गर्दा अधिकांश विद्यार्थीहरुलाई उपयुक्त हुने खालको विषयवस्तु छनोट गर्नुपर्ने देखिन्छ । विद्यालयमा स्थानिय पाठ्यक्रम अध्यापन गराउदा कुन विषयको लागि कति पाठ्यभार छुट्याउने त्यी विषयहरु अध्यापन गराउन कस्तो शैषिक सामाग्रीहरु प्रयोग गर्ने, त्यी विषयहरुको लागि अन्य के-कस्ता क्रियाकलापहरु गराउने आदि जस्ता कुराहरुको जानकारीको लागि वार्षिक कार्ययोजना बनाउनु पर्दछ । स्थानीय पाठ्यक्रम कार्यान्वयनको लागि प्रभावकारी योजना निर्माण गर्नुपर्ने देखिन्छ ।

### ४.५प्राप्तिको सारांश

सम्बन्धित विद्यालयको प्रधानाध्यापक र स्रोत व्यक्तिसंग गरिएको अन्तर्वार्ता र प्रश्नावलीको माध्ययमले सूचना संकलन गर्दा केन्द्रले तोके अनुसार एउटा विषय (१०० पूर्णाङ्कको) स्थानीय विषय हुनुपर्नेमा जन जागृति उच्च मा.वि.मा जैविक विविधता संरक्षण भन्ने विषय र अरु तीनवटै विद्यालयहरुमा सिर्जनात्मक अभिव्यक्ति कला विषय राखिएकोमा यसबाट विद्यार्थी भित्र रहेको अर्न्तरनिहित प्रतिभा प्रस्फुटन गर्न सकिने पाइयो भने स्थानीय पाठ्यक्रम निर्माण गर्दा स्थानीय पाठ्यक्रमको सिद्धान्त अनुसार विद्यालय तह गा.वि.स., न.पा., जिल्ला तह श्रोत केन्द्र त, क्षेत्रिय तह र केन्द्रिय तहलाई समेट्नुपर्नेमा सबै विद्यालयहरुमा विद्यालय तहलाई मात्र समावेश गरेको पाइयो । शिक्षकहरुलाई तालिममा खटाईएको तर १ दिने अभिमुखिकरण मात्र दिने गरेको पाइयो । शिक्षक विद्यार्थी नीति शैक्षिक सामाग्रीहरुको प्रयोग गरेको पाइयो । सबै विद्यालयहरुले विद्यार्थीहरुलाई प्रत्यक्ष रुपमा सहभागि गराई अध्यापन गराउदा नजिकै रहेको मन्दिर कृषि फर्म नहर सिचाई आदिको अवलोकन गराई शिक्षण गरेको पाइयो । स्थानीय पाठ्यक्रमको अध्ययनमा विद्यार्थीहरुले रुची

सकारात्मक रहेको पाइयो । स्थानीय पाठ्यक्रममा पाठ्यभार सामाजिक अध्ययन विषयलाई ५ शारिरिक शिक्षालाई ३ र सिर्जनात्मक अभिव्यक्ति कलालाई ३ पाठ्यभार छुट्टाईएको पाईयो जुन पाठ्यक्रममा उल्लेख गरेको भन्दा कम रहेको पाइयो । सबै विद्यालयहरुमा वार्षिक कार्य योजना बनाउदा सरोकारवालाहरुलाई मात्र समावेश गर्ने गरेको पाइयो । स्थानीय पाठ्यक्रमको मूल्याङ्कन गर्दा औपचारिक परिक्षालाई भन्दा पनि विद्यार्थीहरुले गरेको क्रियाकलापको आधारमा निरन्तर विद्यार्थी मूल्याङ्कन गर्नुपर्ने हुन्छ तर सबै विद्यालयहरुमा परिक्षा, अवलोकनहरुलाई आधार बनाएको पाइयो । स्थानीय पाठ्यक्रममा निरिक्षण स्रोत व्यक्तिद्धारा गर्ने गरेको पाइयो ।

# परिच्छेद -पाँच

# निष्कर्ष र सुझाव

स्थानीय पाठ्यक्रमको सिद्धान्त र अभ्यास बिचको अन्तरसम्बन्धको विश्लेषणात्मक अध्ययन गर्दा समाधानार्थ उपाएहरु पत्ता लगाउन सम्वन्धित विद्यालयका प्रधानाध्यापक र स्रोत व्यक्ति संग गरिएको अन्तरक्रियाबाट निम्न लिखित निष्कर्ष र सुझावहरु निकालिएको छ ।

## ५.१ निष्कर्ष

१. चित्रकलामा सबै शिक्षकहरु दक्ष नभएको पाईयो । तसर्थ उक्त शिक्षकहरुका लागि निश्चित समयको तालिमको व्यवस्था गर्नुपर्ने आवश्यकता छ ।

२. थारु नाच प्रति सबै विद्यार्थीहको चासो सकारात्मक रहेको पाईएन त्यसैले विषयवस्तु छनोट गर्दा सबै विद्यार्थीहरुलाई उपयुक्त हुने खालको विषयवस्तु छनोट गर्नु पर्ने देखिन्छ ।

३. विद्यार्थीहरुलाई प्रयोगात्मक कार्य कम गराईएको पाइयो स्थानीय विषय अध्यापन गर्दा विद्यार्थीहरुलाई प्रयोगात्मक कार्यहरु बढी गराउने, स्थान विशेषका महत्वपूर्ण स्थलहरु आदिको भ्रमण गराउने, कुनै महत्वपूर्ण विषयमा बढी भन्दा बढी छलफल चलाएर शिक्षण गर्दा विद्यार्थीहरु सिकाई प्रति आकर्षित हुन्छन् र सिकाई पनि चिरस्थायी हुन्छ ।

४. स्थानीय विषयको पाठ्यपुस्तक उपलब्ध नहुनुले गर्दा शिक्षकहरुलाई कुन विषयवस्तुको ज्ञान कति गहिराईमा गएर दिने भन्ने समस्या रहेको देखिन्छ । तसर्थ विद्यालयबाट मात्र सम्भव नभए विभिन्न निकायहरुबाट आर्थिक स्रोत संकलन गरि विद्यार्थीहरु माझमा पाठ्यपुस्तक उपलब्ध गराउनु पर्ने  देखिन्छ ।

५. अनुगमन र सुपरिवेक्षण स्रोत व्यक्ति आफैंद्वारा गर्ने गरेको पाईयो । अझ यसलाई सबल बनाउनको लागि प्रधानाध्यापकहरुको पनि निरन्तर रुपमा शिक्षहरुको अध्यापनलाई निगरानी राख्नु पर्ने देखिन्छ ।

६. शिक्षणको क्रममा शैक्षिक सामग्रीको प्रयोग न्यून रहेको पाईयो । शैक्षिक सामग्रीको प्रयोग गरी शिक्षण गर्दा विद्यार्थीहरुलाई विषयवस्तु प्रतिको धारणा बसाल्न सजिलो

हुन्छ, सिकाई पनि रोचक हुन्छ । तसर्थ शिक्षणको क्रममा शैक्षिक सामग्रीको प्रयोग बढी मात्रामा प्रयोग गर्नु पर्ने हुन्छ ।

७. विद्यार्थीहरुको मूल्याङ्कन गर्दा परिक्षालाई मात्र आधार बनाउनु भन्दा पनि उनीहरुको हरेक क्रियाकलापहरुको टिपोट गरी अनौपचारिक रुपमा निरन्तर गरिनुपर्दछ ।

८. स्थानीय विषयलाई पाठ्यभार कम छुट्टाईएको पाईया । तसर्थ स्थानीय विषयलाई पनि अन्य विषय सरहनै पाठ्यभारको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

## ५.२ सुझावहरु :

स्थानीय पाठ्यक्रमको कार्यान्वयनमा देखापरेका समस्याहरुका आधारमा स्थानीय पाठ्यत्रमको कार्यान्वयनलाई उद्देश्यमूलक बनाउनको लागि नीतिगत तह, कार्यान्वयन तह र अनुसन्धान तहमा निम्न लिखित  सुधारहरु गर्नुपर्ने देखिन्छ ।

### ५.२.१ नीतिगत तह

१. स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा स्थानीय विशेषज्ञ (पेशा, व्यवसाय, उद्यमी, शिक्षा विद्, बुद्धिजीवि, समाजसेवी) लाई सक्रिय र अर्थपूर्ण रुपमा सहभागी गराउनुपर्ने ।

२. स्थानीय पाठ्यक्रमको निर्माण र कार्यान्वयनलाई सबल बनाउन विद्यालय क्षेत्र सुधार योजनामा समावेश गर्नुपर्ने ।

३. स्थानीय पाठ्यक्रम निर्माणको लागि सरकारी निकायबाट बजेटको व्यवस्था हुनुपर्ने ।

४. स्थानीय स्तरमा आवश्यकताका रुपमा रहेका महत्वपूर्ण र व्यवसायिक अन्य विषयवस्तुलाई पाठ्यक्रममा समेट्दै लैजानु पर्ने देखिन्छ ।

५. स्थानीय पाठ्यक्रम निर्माण गर्दा स्था विशेषलाई उपयुक्त हुने खालको विषयवस्तु छनोट गर्ने र त्यही स्थानीय स्तरमै उपलब्ध हुने खालको शैक्षिक सामग्री प्रयोगमा आउने गरी पाठ्यक्रम निर्माण गर्नुपर्ने ।

### ५.२.२ कार्यान्वयन तह

१. विद्यार्थीहरुलाई स्थानीइ पाठ्यक्रम अध्यापन गराउँदा अवलोकन, भ्रमण, विधि, प्रयोगात्मक कार्यविधि, योजना कार्य विधिहरु अपनाउनु पर्ने देखियो ।

२. विद्यालयमा स्थानीय विषय छनोट गर्दा सबै विद्यार्थीहरुलाई उपयुक्त हुने खालको विषयवस्तु छनोट गर्नुपर्ने देखिन्छ ।

३. पाठ्यक्रम निर्माण मात्र गर्नु भन्दा पनि विद्यार्थीका लागि आवश्यक पर्ने पाठ्यपुस्तको व्यवस्था, शिक्षक तालिमको संयोजन, शैक्षिक सामग्री निर्माण सम्बन्धी सहयोग गर्ने जस्ता कार्यहरु सम्बन्धित सरोकारवाला निकायले गर्दा उपयुक्त हुने थियो ।

४. स्रोतकेन्द्र शिक्षाकार्यालय तथा प्रधानाध्यापक स्वयमले पाठ्यक्रम कार्यान्वयनको अवस्थाबारे अनुगमन गरी समस्याहरु समाधान गर्ने तिर सबैले आ-आफ्नो क्षेत्रबाट पहल गर्दा कार्यान्वयन प्रभावकारी हुने थियो ।

५. पाठ्यक्रम कार्यान्वयनमा प्रभावकारिता ल्याउनको लागि स्थानीइ स्तरमा सरोकारवाला व्यत्तिहरुलाई समेटेर कार्यान्वयन संयन्त्र बनाउन सुझाव पेश गर्दछु ।

### ५.२.३ अनुसन्धान तह

१. स्थानीय पाठ्यक्रम मातृभाषामा पनि निर्माण गरी प्रयोग गर्न सकिने व्यवस्था गरिएको छ । यस्ता मातृभाषामा तयार गरिएको पाठ्यक्रमलाई समेटेर अध्ययनको विषयवस्तु छनोट गर्न सकिने सुझाव पेश गर्दछु ।

२. स्थानीय पाठ्क्रम निर्माण प्रक्रिया र कार्यान्वयनको अवस्था सम्बन्धि शिर्षकमा पनि अनुसन्धान अगाडी बढाउन सक्नुहुनेछ ।

३. स्थानीय पाठ्क्रमले स्थानीय स्तरमा पारेको प्रभाव र यसको औचित्य सम्बन्धी शिर्षकमा पनि अनुसन्धान अगााडी बढाउन सक्नुहुनेछ ।

## सन्दर्भ सामग्री


अधिकारी विश्वमणी (२०६४), *पाठ्यक्रम योजना र अभ्यास,* काठमाण्डौ प्रशान्ति प्रकाशन।

खनाल पेशल र नारायणप्रसाद अधिकारी (२०६६) *पाठ्यक्रम र मूल्याङ्कन,* काठमाण्डौं, सनलाईट पब्लिकेशन ।

खनाल, श्री प्रसाद र भोला के.सी (२०६३), *अनौपचारिक शिक्षा,* काठमाण्डौं, जुपिटर पब्लिशर्ष्स एण्ड डिष्ट्रिब्यूटर्स।

नेपालको अन्तरिम संविधान २०६३

पोखेल, विरेन्द्र (२०६९) *स्थानीय पाठ्यक्रमको कार्यान्वयनको अवस्था,* अप्रकाशित शोधपत्र, भरतपुर, पाठ्यक्रम तथा मूल्याङ्कन विभाग।

पाठ्यक्रम विकास केन्द्र (२०६४), *स्थानीय पाठ्यक्रम निर्माण निर्देशिका,* भक्तपुरः पाठ्यक्रम विकास केन्द्र ।

वाग्ले डा. मनप्रसाद र डा. लेखनाथ पौडेल (२०६६) *पाठ्यक्रम र मूल्याङ्कन,* काठमाण्डौं, विद्यार्थी पुस्तक भण्डार।

वाग्ले मनप्रसाद डा. र उपेन्द्रकुमार कार्की, (२०५७) *शिक्षाका आधारहरु,*काठमाण्डौ, , विद्यार्थी पुस्तक भण्डार।

शिक्षक मासिक (२०६८), *ज्ञान विज्ञान शैक्षिक सहकारी संस्था लिमिटेड,* ललितपुर

शर्मा चिरञ्जीवि र निर्मला शर्मा (२०६२) *पाठ्यक्रम र मूल्याङ्कन,* काठमाण्डौं, एम.क. पब्लिशर्स एण्ड डिष्ट्रिब्यूटर्स ।

श्रेष्ठ कृष्णकुमार (२०६८), *स्थानीय पाठ्यक्रम निर्माण प्रकृया र कार्यान्वयनको अवस्था,*अप्रकाशित शोधपत्र, काठमाण्डौं, पाठ्यक्रम तथा मूल्याङ्कन विभाग ।

श्रेष्ठ चन्द्रबहादुर, खनाल गणेशप्रसाद, बस्न्यात् सम्झना, लुईटेल खगेन्द्रप्रसाद र आचार्य रामप्रसाद (२०६८), *शैक्षणिक योजना,* काठमाण्डौ भुडिपुराण प्रकाशन।

स्थानीय पाठ्यक्रम स्रोत सामाग्री (२०६७), *पाठ्यक्रम विकास केन्द्र,* भक्तपुर ।

*स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन सम्बन्धी सचेतना सामाग्री* (२०६५), भक्तपुर, पाठ्यक्रम विकास केन्द्र ।

Niure Dhurba Prasad, (2009), *The Dichotomy between policy and practice of local curriculum in Nepal*. A research proposal, central department of education Tribhuvan University.

**स्थानीय पाठ्यक्रमको सिद्धान्त र अभ्यास विचको**

**अन्तर सम्वन्धको विश्लेषणात्मक अध्ययन**

**अनुसूचि -१**

**प्रधानाध्यापको लागि प्रश्नावली**

**प्रधानाध्यापको नामः** **कार्यअवधिः**

**योग्यताः** **तालिमः**

१. स्थानीय पाठ्यक्रमको मूख्य प्रायोजन के हो ?

......................................................................

२. स्थानीय पाठ्यक्रममा एउटा विषय स्थानीय तहबाटै छनौट हुने जुन प्रवधान छ त्यसको लागि कुन विषय छनौट गर्नुभएको छ ?

......................................................................

३. त्यही विषय किन छनौट गर्नुभएको छ ?

......................................................................

४. स्थानीय पाठ्यक्रम निर्माणमा कस-कसलाई सहभागी गराउनु भयो ?

......................................................................

५. स्थानीय पाठ्यक्रम अध्यापन गराउन विद्यालय प्रशासनले शिक्षकलाई तालिमको व्यवस्था गरेको छ ?

......................................................................

६. तालिम संचालन गरेको भए कस्तो प्रकृतिको तालिम संचालन गर्दै आउनु भएको छ ?

......................................................................

७. तपाईका विद्यालयका शिक्षकहरुले स्थानीय पाठ्यक्रमको कार्यान्वयन गर्न कस्तो योजना बनाउने गर्दछन् ?

......................................................................

८. विद्यार्थीहरुलाई प्रत्यक्ष सहभागी गराई कुनै ठाउँको अवलोकन भ्रमण गराउनु भएको छ ?

......................................................................

९. शैक्षिक सामाग्रीको ब्यवस्था कसरी गनुभएको छ?

............................................................

१०. वार्षिक कार्ययोजनाहरु कसरी बनाउनु हुन्छ ?

............................................................

११. Project workहरु गराउनु हुन्छ ?

............................................................

१२. स्थानीय पाठ्यक्रम प्रति विद्यार्थीहरुको रुची कस्तो रहेको पाउनु भयो ?

............................................................

१३.स्थानीय पाठ्यक्रम अध्यापन गराउन कुन विषयको लागि कति पाठ्यभार छुट्टायाउनु भएको छ ?

............................................................

१४. स्थानीय पाठ्यक्रममा विद्यार्थी मूल्याङ्कनको लागि के-कस्ता साधनहरुको प्रयोग गर्नु हुन्छ ?

............................................................

१५. परीक्षामा त्यी विषयहरुलाई कसरी समावेश गर्नुहुन्छ ?

............................................................

१६. स्थानीय पाठ्यक्रमलाई प्रभावकारी कनाउन तपाईको के-कस्ता प्रयासहरु गर्नुभएको छ ?

............................................................

१७. स्थानीय पाठ्यक्रमको कार्यान्वयनमा देखापरेका मूख्य प्रशासनिक समस्याहरु के-के हुन ?

............................................................

१८. देखिएका समस्याहरु  समाधान गर्न कस्ता उपायहरु अवलम्वन गर्नु पर्ला ?

............................................................

## स्थानीय पाठ्यक्रमको सिद्धान्त र अभ्यास बिचको

## अन्तर सम्वन्धको विश्लेषणात्मक अध्ययन

### अनुसूचि -२

### स्रोत व्यक्तिको लागी प्रश्नावली

**स्रोत व्यक्तिको नामः** **कार्यअवधिः**

**योग्यताः** **तालिमः**

१. तपाईको क्षेत्र अर्न्तगत स्थानीय विषयको रुपमा कस्ता विषयहरु कार्यान्वयनमा ल्याईएको छ ?

......................................................................

२. त्यी विषयहरु कार्यान्वयनका लागि कस्ता खालका शिक्षकहरु खटाईएको छ ?

......................................................................

३. ती विषयहरु अध्यापन गर्न शिक्षकहरुलाई तालिमको ब्यवस्था गनुभएको छ ?

......................................................................

४. तालिमको व्यवस्था गरिएको छ भने कस्तो प्रकृतिको तालिम संचालन गदै आउनुभएको छ ?

......................................................................

५. स्थानीय विषयलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन अनुगमन र सुपरिवक्षण गनुभएको छ ?

......................................................................

६. स्थानीय पाठ्यक्रमलाई अझ बढी प्रभावकारी बनाउन स्रोत ब्यक्रिको हैसियतले के-कस्ता प्रयासहरु गर्नु पर्ला ?

......................................................................

७. स्थानीय पाठ्यक्रमको कार्यान्वयनमा देखा परेका मुख्य समस्याहरु के-के हुन ?

......................................................................

८. देखिएका समस्याहरु समाधान गर्न कस्ता उपायहरु अबलम्बन गर्नुपर्ला ?

......................................................................